# २.२ चालु खर्च तर्फका खर्च संकेतहरुको आन्तरिक लेखापरीक्षण

### २.२.१ खर्च संकेत नं. २११११ (पारिश्रमिक कर्मचारी)

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) सम्बन्धित कार्यालयको दरबन्दी स्वीकृत भएको छ/छैन ।

(ख) राष्ट्रिय किताबखाना तथा सोही प्रकृतिका कार्य गर्ने अन्य निकायले पारीत गरेको तलवी प्रतिवेदन र सम्बन्धित किताबखाना/अभिलेखालयमा दर्ता भएको दरवन्दी अनुसार खर्च भएको छ /छैन ।

(ग) पारित तलबी प्रतिवेदन बमोजिम तलबी भरपाई तयार गरेको छ/छैन ।

(घ) निर्धारित तलबमान वा पाउने ग्रेड भन्दा बढी हुने गरी तलब भुक्तानी दिएको छ/छैन ।

(ङ) हाजिरी रेकर्ड संलग्न छ/छैन र गयल भएका दिनको तलब कट्टी गरेको छ/छैन ।

(च) सरुवा, बढुवा वा नयाँ नियुक्ति भई आउने कर्मचारीहरुको पहिलो पटक तलब भुक्तानी दिँदा शुरू महिनामा सरुवा वा बढुवा भई आउँदाको रमानापत्र, नियुक्ति पत्र र तलबी प्रतिवेदन पारित भइसकेको भए सो को प्रतिलिपी संलग्न गरिएको छ/छैन । सो रमाना वा तलबी प्रतिवेदनमा उल्लेख भए भन्दा बढी भुक्तानी गरेको छ/छैन।

(छ) महिनाको बीचमा अनिवार्य अवकाश/ उपदान, सरुवा, बढुवा वा रमाना भई गए पछि बाँकी अवधि तथा पछि सम्म तलव भत्ता खर्च लेखेको छ /छैन ।

(ज) अन्यत्रबाट काजमा आएका कर्मचारीलाई सोधभर्ना दिने गरी तलव भुक्तानी गरिएको भए समय भित्र सोधभर्ना प्राप्त गरेको छ/छैन ।

(झ) कार्यालय प्रमुखमा कायम मुकायम मुकरर गरिएको भए का.मु. मुकरर गरिएको पत्र र बहाल गरेको मिति अनुसार नै खर्च लेखिएको छ /छैन ।

(ञ) निमित्त पदको तलब भुक्तानी दिंदा एक तह माथिको तलव स्केल मात्र भुक्तानी दिनु पर्नेमा सो भन्दा घटी बढी भएको छ/छैन ।

(ट) करारमा नियुक्ति भएको कर्मचारीको पारिश्रमिक यस शिर्षकबाट भुक्तानी दिन नमिल्नेमा भुक्तानी भएको छ/छैन ।

(ठ) आयोजनाको स्वीकृत अस्थायी दरवन्दीमा नियुक्त व्यक्तिलाई ज्यालादारी/पारिश्रमिक भुक्तानी गरेको भए निजको नियुक्ती प्रचलित कानूनको प्रक्रिया अनुरुप छ /छैन । निजको हाजिरी तथा रकम बुझेको प्रमाण छ/छैन ।

(ड) करयोग्य आम्दानी हुने कर्मचारीलाई पारिश्रमिक/तलव वा भत्ता भुक्तानी गर्दा पारिश्रमिक कर कट्टी गरेको छ/छैन । त्यस्तो कट्टी रकम बैंक दाखिला गरी सो को विवरण आन्तरिक राजस्व कार्यालयमा पठाएको छ/छैन ।

(ढ) तलबी भरपाईको तेर्सो र ठाडो जोड जम्मा मिलेको छ/छैन ( हरेक महिनाको परीक्षण गर्ने )।

(ण) तलब भत्ता भुक्तानी गरिएकोमा बुझिलिनेको दस्तखत छ/ छैन वा बैंकमा जम्मा गर्ने प्रचलन भएकोमा सो रकम बैंक जम्मा गरिएको प्रमाण छ/छैन ।

(त) कर्मचारी संचयकोष, कर्मचारी सञ्चयकोष सापटी, पारिश्रमिक कर, नागरिक लगानी कोष, सावधिक जीवन बीमा आदि कट्टी गर्नु पर्ने रकम कट्टी गरी सम्बन्धित कोष वा खातामा तुरुन्त जम्मा गरिएको छ/छैन ।

(थ) असाधारण विदा लिएको अवस्थाको तलब भुक्तानी गरिएको छ/ छैन । ( हाजिरी किताब, विदाको रेकर्ड र तलबी भर्पाई हेर्ने )

(द) प्रत्येक कर्मचारीको जम्मा तलब, भत्ता, कट्टी रकम र खुद भुक्तानी हुने रकमको हिसाब ठीक छ/ छैन ।

(ध) कर्मचारीहरूले समयमा रकम नबुझी मौज्दात रहेको रकम प्र.ले.नि.का./ प्र.ले.इ.का.मा फिर्ता दाखिला गरेको छ/छैन ।

**२.२.2 खर्च संकेत नं. २१११2 (पारिश्रमिक पदाधिकारी)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) सम्बन्धित निकायको कायम पद संख्या अनुसार भुक्तानी भएको छ/छैन ।

(ख) प्रदेश कानून अनुसार खर्च भएको छ /छैन ।

(ग) प्रदेश कानून अनुसार पाउने भन्दा वढी सुविधा खर्च लेखेको छ/छैन ।

(घ) बैकिङ प्रणाली मार्फत भुक्तानी दिएको छ/छैन ।

(त) नियमानुसार लाग्ने कर तथा अन्य कट्टा गर्नुपर्ने रकमहरु कट्टा गरी सम्बन्धित कोष वा खातामा तुरुन्त जम्मा गरिएको छ/छैन ।

**२.२.3. खर्च संकेत नं.२११२१ (पोशाक)**

यसमा देहायका शर्तहरु हेर्नुपर्दछः

(क) प्रदेश प्रहरीलाई पोशाक (कपडा, जुत्ता, टोपी आदि) दिने सम्बन्धमा कस–कसलाई के कति अवधिको लागि कस्तो प्रकारको पोशाक दिने व्यवस्था गरिएको छ र सोही अनुसार हुने गरी भुक्तानी दिएको छ/ छैन ( नेपाल प्रहरीको हकमा प्रदेश प्रहरी सेवा गठन पछि लागू हुने)

(ख) निजामती कर्मचारीहरुलाई पोशाक उपलव्ध गराउने सम्बन्धमा प्रदेश सरकारबाट निर्णय नभए सम्मको लागि नेपाल सरकार (मं.प.)बाट मिति २०६७।१०।१८ मा भएको निर्णय र नेपाल सरकारको आ. व. २०७५/७६ को बजेट वक्तव्य प्रतिकुल हुने गरी पोषाक भत्ता भुक्तानी गरेको छ / छैन ।यो रकम प्रत्येक वर्ष चैत्र महिनाको तलब भुक्तानी गर्दा सँगै दिएको छ/छैन ।

(ग) करार सेवामा रहेका कर्मचारीलाई सामान्य प्रशासन मन्त्रालयको परिपत्रानुसारको पोषाक भत्ता बमोजिम उपलब्ध गराएको छ/ छैन ।

(घ) लुगा भत्ता लिने महिना अगावै अवकास भएमा त्यस्ता कर्मचारीलाई लुगा भत्ता दिन नमिल्ने हुँदा, भुक्तानी गरेको छ/ छैन ।

(ङ) सरुवा भई आएका कर्मचारीलाई हालको कार्यालयबाट भुक्तानी दिईएकोमा दोहोरो नपर्ने गरी प्रमाण राखेर मात्र दिएको छ/ छैन ।

(च) सरुवा भई अन्यत्र जाने कर्मचारीको रमाना पत्रमा लुगा भत्ता भुक्तानी दिएको व्यहोरा उल्लेख गर्ने गरेको छ/ छैन ।

(छ) यस्तो भत्ता वितरणको कर्मचारीगत अभिलेख राखेको छ /छैन ।

(ज) एउटै कर्मचारीलाई एक वर्षमा एक पटक भन्दा बढी लुगा भत्ता उपलव्ध गराएको छ/छैन ।

(झ) पोशाक खरीद गर्दा सार्वजनिक खरीद सम्बन्धी ऐन तथा नियमावलीको अधिनमा रही खरीद गरिएको छ/ छैन ।यसरी खरीद गरिएका पोशाकहरू जिन्सी खातामा आम्दानी बाँधिएको छ/छैन।

**२.२.4. खर्च संकेत नं. २११२२ (खाद्यान्न)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश प्रहरी, विरामी र अन्य निकायहरूलाई उपलब्ध गराइने रासन (खाद्य) खर्च लेखेको श्रेस्ता परीक्षण गर्दा सो को लागत अनुमान तयारी एवं स्वीकृती, बोलपत्र आहवान, सो को मूल्यांकन, ठेक्का स्वीकृति एवं रासन ठेक्का सम्झौता सम्बन्धी सम्पूर्ण कागजातको परीक्षण गर्नुपर्दछ ।

(ख) रासन ठेक्का सम्झौता बमोजिम ठेकेदारलाई पेश्की उपलव्ध गराउँदा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९२ को व्यवस्था अनुरूप ठेकेदारवाट त्यस्तो पेश्की रकमलाई खाम्ने गरी वाणिज्य बैंकबाट जारी भएको कम्तिमा सात महिना मान्य अवधी भएको बैंक जमानत प्राप्त गरेको छ / छैन ।यस्तो पेश्की रकम सम्झौता अंकको पच्चीस प्रतिशत भन्दा बढी छ/ छैन। उक्त पेश्की रकम आपूर्तिकर्ताको प्रत्येक महिनाको बिलबाट पचास प्रतिशतको हिसाबले कट्टी गर्ने गरेको छ /छैन ।

(ग) रासन बिलको भुक्तानी दिँदा नियमानुसार कट्टी गर्नुपर्ने अग्रिम आयकर कट्टी गरिएको छ/छैन ।भुक्तानी विवरण तयार गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाईएको छ/छैन।

(घ) रासन ठेक्का बन्दोवस्त नभई अन्य तरिकाबाट रासन खुवाएकोमा प्रचलित बजार मूल्य अनुरूप छ/ छैन र त्यस्तो बजार मूल्यको प्रमाण संलग्न छ/ छैन ।

(ङ) काजमा खटिएको कर्मचारीले दैनिक भत्ता नलिएको रहेछ भने मात्र खाद्यान्न सुविधा पाउने हुँदा सो अनुसार भएको छ/छैन ।

**२.२.5. खर्च संकेत नं.२११२३(औषधी उपचार)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) वहालवाला कर्मचारीलाई औषधी उपचार खर्चको भुक्तानी दिँदा स्वीकृत चिकित्सकको प्रेस्क्रिप्सन,औषधी खरीदको बिल आदि संलग्न छ/छैन र बिल भरपाईको जोड जम्मा ठीक छ/छैन।त्यसरी औषधि उपचार भुक्तानी गरेपछि राष्ट्रीय किताबखाना वा अन्य त्यस्तै निकायमा लगत राख्न पठाईएको छ/छैन।पठाईएकोमा लगत कायम भएको प्रमाण संलग्न छ / छैन।

(ख) अवकाश प्राप्त कर्मचारीको उपचार खर्च भुक्तानी दिँदा शुरू नियुक्ति पत्र, निवृत्तिभरण पट्टा र अवकाश पत्रको प्रतिलिपी तथा म.ले.प.फा.नं. ४२ संलग्न गरिएको छ/ छैन।

(ग) सेवा बहालमा रहँदा औषधी उपचार लिए नलिएको व्यहोरा राष्ट्रीय किताबखाना र सम्बन्धित कार्यालयको पत्र प्राप्त गरेर एकिन गरी लिएको भए सो रकम कट्टा गरी बाँकी पाउने रकम मात्र भुक्तानी गरिएको छ/ छैन।

(घ) बहालवाला र अवकाशप्राप्त कर्मचारीलाई उपचार खर्च दिँदा नि. से. नि. २०५० को नियम ९४ (१),(५) (६) (७) र (९) को सीमाभित्र रही दिइएको हो/ होइन । (२०५८ चैत्र १८ पूर्व )

**२.२.6. खर्च संकेत नं. २११३१ (स्थानीय भत्ता)**

यसमा देहायका बिषयबस्तु हेर्नुपर्दछ ।

(क) नेपाल/प्रदेश सरकार, अर्थ मन्त्रालयको निर्देशन/ परिपत्र बमोजिमको दर भन्दा घटी वा बढी गरी स्थानीय भत्ता दिएको छ/ छैन ।

(ख) सरुवा / बढुवा भई आउने कर्मचारीलाई हालको कार्यालयमा हाजिर भएको मितिदेखि मात्र स्थानीय भत्ता दिनुपर्नेमा कहिले देखि दिएको छ (रमाना पत्र र हाजिरी हेर्ने )।

(ग) सरुवा/ बढुवा भई जाने कर्मचारीले तयारी म्यादको अवधि साविक कार्यालय रहेको क्षेत्रमा नै विताएको प्रमाण संलग्न राखी साविक कार्यालयबाटै तयारी म्यादको स्थानीय भत्ता पाउने हुँदा सो अनुसार स्थानीय भत्ता दिएको छ/ छैन ।

(घ) उक्त भत्ता बुझेको भरपाई छ / छैन ।

**२.२.7 खर्च संकेत नं. २११३२ (महङ्गी भत्ता)**

यसमा देहायका पक्षहरु हेर्नु पर्दछः

(क) महङ्गी भत्ता भुक्तानी दिइएकोमा नेपाल/प्रदेश सरकारको निर्देशन/ परिपत्र बमोजिमको दर भन्दा घटी बढी गरीएको छ/ छैन ।

(ख) सरुवा/बढुवा हुने कर्मचारीलाई कहिले देखि महङ्गी भत्ता दिएको छ (रमानापत्र र हाजिरी हेर्ने)।

(ग) महङ्गी भत्ता बुझेको भरपाई छ / छैन ।

**२.२.8. खर्च संकेत नं. २११३३ (फिल्ड भत्ता)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछ:

(क) फिल्डमा खटिएका कर्मचारीहरुको विवरण तयार गरी प्रमाणित गरी राख्ने गरेको छ/ छैन ।

(ख) फिल्ड भत्ता भुक्तानी दिइएकोमा नेपाल/प्रदेश सरकारको निर्देशन/ परिपत्र बमोजिमको दर भन्दा घटी बढी गरी दिएको छ/ छैन ।

(ग) फिल्ड भत्ता पाउने कर्मचारीहरूले दैनिक भत्ता लिएको अवधिको फिल्ड भत्ता कट्टा गरेको छ/ छैन ।

(घ) उक्त भत्ता बुझेको भरपाई छ / छैन ।

**२.२.9. खर्च संकेत नं. २११३4(कर्मचारीको बैठक भत्ता)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछ:

(क) सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका, 2075 वमोजिम निम्नानुसार खर्च गरेको छ/ छैन ।

- बैठक कार्यालय समय अघिपछी वसेको छ/छैन ।
- एउटै निकाय र अन्तर्गतका कर्मचारी मात्र वसेको बैठकको भत्ता खर्च लेखेको छ/छैन ।
- बैठकमा आवश्कता अनुसार 3 जना भन्दा वढी आमन्त्रित राखेको छ/छैन ।
- बैठक व्यवस्थापनमा 1 जना भन्दा वढी सहयोगी कर्मचारी राखेको छ/छैन ।

**२.२.10. खर्च संकेत नं. २११३5(कर्मचारी प्रोत्साहन तथा पुरस्कार)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछ:

(क) प्रोत्साहन पाउने कर्मचारीहरुको विवरण तयार गरी प्रमाणित गरी राख्ने गरेको छ/ छैन ।

(ख) तोकिएको बमोजिमको दर भन्दा घटी बढी गरी दिएको छ/ छैन ।

(ग) प्रोत्साहन पाउने सम्वन्धी निर्णय तथा आर्थिक मामिला तथा योजना मंत्रालयको पूर्वस्वीकृती संलग्न गरेको छ/ छैन ।

(घ) उक्त प्रोत्साहन तथा पुरस्कार बुझेको भरपाई छ / छैन ।

(ङ) नियमानुसारको करकट्टी तथा दाखिला गरेको छ/ छैन ।

**२.२.11. खर्च संकेत नं.२१११३९ (अन्य भत्ता)**

यसमा देहायका बिषयबस्तु हेर्नुपर्दछः

(1) तोकिएको अन्य कुनै भत्ता जस्तो बैठक भत्ता, वैदेशिक भत्ता, सुत्केरी स्याहार भत्ता, अतिरिक्त समय भत्ता, कार्यालयको सुरक्षाको लागि छुट्टै व्यवस्था भएको अवस्थामा बाहेक दशैं तिहार जस्ता पर्वमा खटाईएका कार्यालय सहयोगीलाई दिईने पालो पहरा/ सुरक्षा भत्ता एवं तोकिएका यस्तै अन्य भत्ता भुक्तानी दिइएकोमा अर्थ/आर्थिक मामिला तथा योजना मन्त्रालयको निर्देशन/ परिपत्रको बमोजिमको दर भन्दा घटी बढी गरी दिएको छ/ छैन ।

(2) आर्थिक मामिला तथा योजना मन्त्रालयको निर्णय वा पुर्व स्वीकृती आवश्यक पर्नेमा सो प्राप्त भएकोछ/ छैन ।

(3) भत्ता बुझेको भरपाई संलग्न गरेको र नियमानुसारको कर कट्टी गरी दाखिला गरेको छ /छैन ।

**२.२.12. खर्च संकेत नं. २११41 (पदाधिकारी बैठक भत्ता)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछ:

(1) प्रदेश कानून वमोजिम पदाधिकारी सेवा सुविधा खर्च  गरेको छ/ छैन ।

(2) तोकिएको बमोजिमको दर भन्दा घटी बढी गरी दिएको छ/ छैन ।

(3) बैठक भत्ता बुझेको भरपाई छ / छैन ।

(4) नियमानुसारको करकट्टी तथा दाखिला गरेको छ/ छैन ।

**२.२.13. खर्च संकेत नं. २११42 (पदाधिकारी अन्य सुविधा)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछ:

(1) प्रदेश कानून वमोजिम पदाधिकारी सेवा सुविधा खर्च  गरेको छ/ छैन ।

(2) तोकिएको बमोजिमको दर भन्दा घटी बढी गरी दिएको छ/ छैन ।

(3) अन्य सुविधा बुझेको भरपाई छ / छैन ।

(4) नियमानुसारको करकट्टी तथा दाखिला गरेको छ/ छैन ।

**२.२.14. खर्च संकेत नं. २११49 (पदाधिकारी अन्य भत्ता)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछ:

(1) प्रदेश कानून वमोजिम पदाधिकारी अन्य भत्ता खर्च गरेको छ/ छैन ।

(2) तोकिएको बमोजिमको दर भन्दा घटी बढी गरी दिएको छ/ छैन ।

(3) अन्य भत्ता बुझेको भरपाई छ / छैन ।

(4) नियमानुसारको करकट्टी तथा दाखिला गरेको छ/ छैन ।

**२.२.15. खर्च संकेत नं. २१211 (सामाजिक सुरक्षा कोष खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछ:

(1) नियमानुसार सामाजिक सुरक्षा खर्च कट्टा तथा दाखिला गरेको छ/ छैन ।

(2) सामाजिक सुरक्षा कोषमा जम्माको विवरण पठाएको छ/ छैन ।

**२.२.16. खर्च संकेत नं. २१212 (योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछ:

(1) कर्मचारीको योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष वापत सरकारले व्यहोर्नु पर्ने खर्च समावेश गरेको छ/ छैन ।

**२.२.17. खर्च संकेत नं. २१213 (योगदानमा आधारित बीमा कोष खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछ:

(1) कर्मचारीको योगदानमा आधारित बीमा कोष वापत सरकारले व्यहोर्नु पर्ने खर्च समावेश गरेको छ/ छैन ।

**२.२.18. खर्च संकेत नं. २१214 (कर्मचारी कल्याण कोष)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछ:

(1) प्रचलित नियमानुसार कर्मचारी कल्याण कोषमा रकम जम्मा गरिएको छ/ छैन ।

**२.२.19. खर्च संकेत नं. २१219 (अन्य सामाजिक सुरक्षा खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछ:

(1) कर्मचारी संग सम्वन्धित अन्य सामाजिक सुरक्षा खर्च गर्ने निर्णय तथा विधि अनुसार गरिएको छ/ छैन ।

**२.२.20. खर्च संकेत नं. २१221 (पदाधिकारी सामाजिक सुरक्षा कोष खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछ:

(1) पदाधिकारीको सामाजिक सुरक्षाका लागि प्रचलित कानून अनुसार स्थापित कोषमा सरकारले व्यहोर्नु पर्ने कोष खर्च समावेश गरेको छ/ छैन

**२.२.21. खर्च संकेत नं. २१222 (पदाधिकारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछ:

(क) प्रचलित कानून अनुसार पदाधिकारीको योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष वापत सरकारले व्यहोर्नु पर्ने खर्च समावेश गरेको छ/ छैन ।

**२.२.22. खर्च संकेत नं. २१223 (पदाधिकारीको योगदानमा आधारित बीमा कोष खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछ:

(क) प्रचलित कानून अनुसार पदाधिकारीको योगदानमा आधारित बीमा कोष वापत सरकारले व्यहोर्नु पर्ने खर्च समावेश गरेको छ/ छैन ।

**२.२.23. खर्च संकेत नं. २१214 (पदाधिकारीको कर्मचारी कल्याण कोष)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछ:

(क) प्रचलित कानून अनुसार पदाधिकारी कल्याण कोषमा रकम जम्मा गरिएको छ/ छैन ।

**२.२.24. खर्च संकेत नं. २१219 (पदाधिकारीको अन्य सामाजिक सुरक्षा खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछ:

(क) पदाधिकारीसंग सम्वन्धित अन्य सामाजिक सुरक्षा खर्च गर्ने निर्णय तथा विधि अनुसार गरिएको छ/छैन।

**२.२.25. खर्च संकेत नं. २२१११ (पानी तथा बिजुली महसुल)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) पानी तथा बिजुली जडान गर्दा धरौटी राख्नुपर्ने भएमा त्यसरी धरौटी बापत राखेको रकमको  विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय/प्रदेश लेखा ईकाई कार्यालयमा पठाएको छ/ छैन । धारा तथा बिजुली जडान सम्बन्धी विवरण फाराम, प्रदेश लेखा नियन्त्रक कार्यालय/प्रदेश लेखा ईकाई कार्यालयमा पठाएको पत्र सो कार्यालयले प्रमाणित गरेको विवरण हेर्ने ।

(ख) कार्यालयको प्रयोजन बाहेक निजी कामको लागि प्रयोग गरिएको धारा बिजुलीको महसुल कार्यालयको बजेटबाट भुक्तानी गरिएको छ/ छैन । (घर बहाल सम्झौता पत्र,  विद्‍युत महशुलको बिल हेर्ने )।

(ग) बजेटको व्यवस्था हुँदाहुँदै पनि बिजुलीको महसुल भुक्तानी दिन विलम्व गरी अनावश्यक भार पारेको छ/ छैन । (कसको कारणबाट के कति जरिवाना भएको छ परीक्षण गर्ने )।

**२.२.26. खर्च संकेत नं. २२११२ (संचार महसुल)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) टेलिफोन जडान गर्दा धरौटी राख्नुपर्ने भएमा त्यसरी धरौटी बापत राखेको पेश्की रकमको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय/प्रदेश लेखा ईकाई कार्यालयबाट प्रमाणित भएपछि फछ्र्यौट गर्ने गरेको छ/ छैन । टेलिफोन जडान सम्बन्धी विवरण फाराम र प्रदेश लेखा इकाई कार्यालयमा पठाएको पत्र र प्रमाणित गरि दिएको विवरण एवं पत्र हेर्ने ।

(ख) आई.एस.डि. सुविधा भएको टेलिफोनको दुरुपयोग हुन नपाउने गरी नियन्त्रणको व्यवस्था मिलाईएको छ/ छैन । कार्यालयको कार्य प्रकृती र कार्य क्षेत्रसँग असम्बन्धित निकायले आई.एस.डि.सेवा लिएको छ/ छैन । व्यक्तिगत काममा प्रयोग गरेको महशुल सम्बन्धित कर्मचारीबाट असुल गर्ने गरेको छ/ छैन ।

(ग) ऐन तथा नियम अनुसार टेलिफोनको सुविधा पाउने पदाधिकारीहरूले तोकेको भन्दा बढी प्रयोग गरेको टेलिफोन ट्रंक महसुल भुक्तानी गरेको छ/ छैन ( सुबिधा पाउने कागजात परीक्षण गर्ने )

(घ) चिठ्ठी पार्सल टिकट खर्च, रजिष्ट्री, फिर्ती रसिदको खर्च, कुरिएर खर्चको विल भरपाई तथा जोड जम्मा ठीक छ/ छैन ।

(ङ) बढी पत्राचार गर्नुपर्ने कार्यालयमा फ्याकिङ मेसिन प्रयोग भएको भए सो को मनिटर रजिष्टर राखेको छ/ छैन । अत्यावश्यक पत्रहरुलाई मात्र कुरियरबाट पठाउने गरेको छ/ छैन (मनिटर रजिष्टर र कुरियरबाट पठाउने पत्रहरूको नियन्त्रण सम्बन्धी प्रक्रिया परीक्षण गर्ने )।

**२.२.27. खर्च संकेत नं. २२११3 (सार्वजनिक उपयोगिताको सेवा खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(1) सार्वजनिक सेवा (खानेपानी, बत्ति, टेलिभिजन अदि) संचालन गर्ने निर्णय गरेको छ/ छैन ।

(2) सार्वजनिक सेवा (खानेपानी, बत्ति, टेलिभिजन अदि) संचालन उपयोगिता सर्भेक्षण गरेको छ/ छैन ।

**२.२.28. खर्च संकेत नं. २२२११इन्धन (पदाधिकारी) र २२२१२ इन्धन (कार्यालय प्रयोजन)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) सरकारी काममा सवारी साधन (मोटरकार, बस, मोटरसाइकल, ट्रक आदि ) प्रयोग गरिएकोमा सवारीको निमित्त चाहिने ईन्धनको भुक्तानी दिँदा बिल साथ खरीद आदेश (कुपन वा आदेश) र सवारी प्रयोग गरिएको लगबुक संलग्न गरिएको छ/ छैन ।

(ख) पेश गरिएको लगबुकबाट प्रयोग गरिएको सवारी साधन कार्यालयको कामसँग सम्बन्धित भएको देखिन्छ/ देखिँदैन (लगबुकमा देखाइएको स्थान र काम हेर्ने )।

(ग) पेश गरिएको लगबुकमा ईन्धन खपत प्रति लिटर कति कि.मि. देखाइएको छ, यस सम्बन्धमा सम्बन्धित कार्यालय/ आयोजनाबाट कुनै मापदण्ड तोकिएको भए सोही अनुसार छ/ छैन ।

(घ) पेट्रोल पम्पबाट सिधै सवारी साधनमा ईन्धन नराखी खरीद गरी कार्यालयमा मौज्दात राखिएको भए भुक्तानी दिँदा माग फाराम, खरीद आदेश, दाखिला प्रतिवेदन संलग्न गरिएको छ/ छैन र पछि ईन्धन खर्च भईसके पछि सोको लगबुक खर्च भौचरसँग समावेश गरिएको छ/ छैन ।

(ङ) जेनेटरको लागि ईन्धन प्रयोग गरिएकोमा सो को लगबुक संलग्न छ/ छैन ।

(च) सवारी साधन, मेसिनरी आदि सर्भिसिङ्ग गर्दा प्रयोग गरिएको इन्धन खर्च साथ लगबुक संलग्न गरिएको छ/ छैन । सर्भिसिङ. गर्न आवश्यक पर्ने किलोमिटर वा अवधि पुरा भएको छ / छैन ।

(छ) प्रचलित कानूनले ईन्धन सुविधा पाउने पदाधिकारीहरुलाई इन्धन उपलव्ध गराउँदा तोकिएको कोटा भन्दा बढी उपलव्ध गराएको छ / छैन ।

(ज) कुन साधनलाई मासिक रुपमा के कति ईन्धन दिने हो सोको निर्णय हेरी तोकिएको भन्दा बढी ईन्धन उपलव्ध गराएको भए कारण सहितको आदेश संलग्न राखिएको छ / छैन ।

**२.२.29. खर्च संकेत नं. २२२१३ (सवारी साधन मर्मत खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) सामान्यतया नियमित रुपमा कार्यालय प्रयोजनका लागि प्रयोग हुने सवारी साधनको मर्मत संभार गर्न चाहिने ब्याट्री लगायतका सामानहरु र ज्याला खर्च गरी भुक्तानी दिइएकोमा सो को मर्मत आदेश छ/छैन । साथै सो को लागत अनुमान तयार गरी स्वीकृत गराएको छ/ छैन ।

(ख) बुँदा (क) अनुसारका साधनहरू मर्मत गरी भुक्तानी दिइएकोमा सो को अभिलेख म.ले.प.फा.नं. २ चल्ती मेसीन वा सवारीको किताबमा राखेको छ/ छैन ।

(ग) मर्मत सम्भार गरिएको सवारी मर्मत भएको कुरा सम्बन्धित सवारी साधन सञ्चालन गर्ने कर्मचारी वा प्राविधिकबाट मर्मत सम्पन्न भएको प्रमाणित गराएर मात्र भुक्तानी दिएको छ/ छैन ।

(घ) सवारी मर्मतको लागि सामान खरीद गरेको भए त्यस्तो सामान सार्वजनिक खरीद सम्बन्धी ऐन तथा नियमावलीको अधिनमा रही खरीद गरिएको हो/ होइन र त्यस्तो सामान जिन्सी खातामा आम्दानी जनाएको छ/ छैन ।

(ङ) सम्बन्धित सामानको नयाँ खरिद गर्न लाग्ने मुल्यको तुलनामा मर्मत खर्चको अनुपात सन्तोषजनक छ/ छैन ।

**२.२.30. खर्च संकेत नं. २२२१४ (विमा तथा नवीकरण खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) निर्माण भई सकेका सार्वजनिक सम्पत्ति जस्तैः सड्क, पुल, नहर, विद्युत गृह, भवन तथा सवारी साधन एवं मेसिन उपकरण आदिको विमा खर्च र तेश्रो पक्षको दायित्व विमाको भुक्तानी गर्दा कति अवधिको लागि कुन विमा कम्पनीसँगं, के कति रकमको विमा गरिएको हो, विमा गर्न स्वीकृत प्रदान गर्ने पदाधिकारीको निर्णय/ आदेश छ/ छैन ।

(ख) माथि उल्लेख भए अनुसार विमा गरिएको निर्माण कार्यको ठेक्काको म्याद थपिएको भए सो अनुरुप विमा अवधि थप भए नभएको परिक्षण गर्ने,

(ग) विमा रकम भुक्तानी गर्दा अग्रिम रुपमा कट्टी गर्नु पर्ने कर रकम कट्टी गरी सम्बन्धित खातामा जम्मा गरेको छ/ छैन ।

(घ) बीमा नविकरण गर्दा कति अवधिको लागि कुन बीमा कम्पनीसँग ,के कति रकमको बीमा गरिएको हो, बीमा गर्न स्वीकृत प्रदान गर्ने पदाधिकारीको निर्णय/ आदेश छ/ छैन ।

(ङ) यसरी बीमा गरिएको सम्पत्तिको बीमा अभिलेख राख्ने गरेको छ/ छैन ।

**२.२.31. खर्च संकेत नं. २२२२१ (मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च)**

(क) कार्यालयको दैनिक प्रयोगमा आउने पूँजीगत मेशिनरी तथा औजारहरु जस्तो हिटर/ पंखा / कूलर/ कम्प्यूटर/ फ्याक्स मेसिन तथा यस्तै अन्य सामानहरू मर्मत सम्भार गराउनु पर्दा त्यस्ता सामानको मर्मत सम्भार गर्नु अघि सम्बन्धित कर्मचारीबाट मर्मत सम्भार गर्नु पर्ने सामानको विवरण लिई लागत अनुमान स्वीकृत गराई अधिकार प्राप्त अधिकारीको आदेश लिएको छ/ छैन ।

(ख) मर्मत सम्भार गरिएको सामान मर्मत भएको कुरा सम्बन्धित मेसिनरी सञ्चालन गर्ने कर्मचारी वा प्राविधिकबाट मर्मत सम्पन्न भएको प्रमाणित गराएर मात्र भुक्तानी दिएको छ/ छैन ।

(ग) मर्मतको लागि सामान खरीद गरेको भए त्यस्तो सामान सार्वजनिक खरीद सम्बन्धी ऐन तथा नियमावलीको अधिनमा रही खरीद गरिएको हो/ होइन र त्यस्तो सामान जिन्सी खातामा आम्दानी जनाएको छ/ छैन ।

(च) सम्बन्धित सामानको नयाँ खरिद गर्न लाग्ने मुल्यको तुलनामा मर्मत खर्चको अनुपात सन्तोषजनक छ/ छैन ।

(छ) मर्मत गरिएको सामानको पुरानो सामान भण्डार फिर्ता गरे नगरेको परिक्षण गर्ने,

(ज) मर्मत गरिएको सामान जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत गराउनुपर्ने भनी उल्लेख गरिएको सामान हो वा होईन (जिन्सी निरीक्षण प्रतिवेदन हेर्ने ।)

**२.२.32. खर्च संकेत नं.२२२३१ (निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च )**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) यस शिर्षकबाट निर्माण भैसकेको सार्वजनिक सम्पत्ति जस्तै सडक, पूल, नहर, विद्युत गृह, भवन आदिको नियमित मर्मत संभार र रंगरोगन खर्च पर्दछ । यसको आन्तरिक लेखापरीक्षण गर्दा यसै निर्देशिकामा उल्लेखित

बजेट संकेत नं. ३११११२, ३१११३ र ३११७१ को आन्तरिक लेखापरीक्षण गर्दा अपनाउनु पर्ने प्रकृया अनुरुप नै आन्तरिक लेखापरीक्षण गर्नु पर्दछ ।

**२.२.33. खर्च संकेत नं.२२२९१ (अन्य सम्पत्तिहरुको संचालन तथा सम्भार खर्च )**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

**(क)** यस शिर्षकमा स्थिर सम्पत्ति वाहेकका अन्य सम्पत्तिहरुको संचालन तथा संभार सम्वन्धी चालु प्रकृतिका खर्च मात्र समावेश भएको छ/छैन।

**२.२.34. खर्च संकेत नं. २२३११ (मसलन्द तथा कार्यालय सामग्री) र २२३१९ (अन्य कार्यालय संचालन)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) बैक दस्तुर, क्षतिपूर्ति र अन्य यस्तै सेवाको भुक्तानी खर्च लेख्दा बिल भरपाईहरूको जोड जम्मा ठीक छ/ छैन । सो भुक्तानी सरकारी कामसँग सम्बन्धित हो/ होईन हेर्ने ।

(ख) कार्यालयको बजेटबाट शुभकामना सन्देशहरू प्रकाशित गरी भुक्तानी दिन नपाउने हुँदा, यसरी दिइएको छ/ छैन ।

(ग) सामान खरीद गर्दा सार्वजनिक खरीद ऐन तथा नियमावलीका अधिनमा रही खरीद गरिएको हो,होइन । यसरी सामान खरीद गर्नु पूर्व सामानको स्पेशिफिकेसन तथा लागत अनुमान तयार गरी स्वीकृत गराएको छ/ छैन ।

(घ) कार्यालय सामान खरीद गर्दा एकै पटक खरीद गर्न सकिनेमा टुक्राटुक्रा गरी बोलपत्र छल्ने उद्देश्यले खरीद गरेको छ/ छैन ।

(ङ) खरीद गरिएको सामानको बिलमा सामानको गुणस्तर अनुसारको नाम, आकार प्रकार तथा अन्य विवरण आदि उल्लेख गरेको छ/ छैन ।

(च) सामान खरीद गरी भुक्तानी दिँदा बिलसाथ माग फाराम, खरीद आदेश र दाखिला रिपोर्ट संलग्न राखिएको छ/ छैन ।

(छ) खरीद गरी भुक्तानी दिइएको सामानको बिलको जोड जम्मा ठीक छ/ छैन र लागत अनुमानको सीमा भित्र रही खरीद गरिएको छ/ छैन ।

(ज) सामान खरीद गर्दा तोकिएको रकम भन्दा बढी मूल्यको सामान मूल्य अभिवृद्धि कर दर्ता नम्वर भएकोसँग मात्र खरीद गर्नुपर्नेमा सो अनुसार गरेको छ/ छैन ।

(झ) सामान खरीद गर्दा कुनै स्थानमा स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्र भएको व्यक्ति वा फर्म नपाइएमा मालसामान खरीद गरी सो को सूचना नजिकको आन्तरीक राजस्व कार्यालयमा दिनुपर्नेमा सो दिइएको छ/ छैन ।

(ञ) मूल्य अभिवृद्धि कर समेत समावेश भएको विल भुक्तानी गरेकोमा सो को जानकारी आन्तरिक राजस्व कार्यालयलाई दिएको छ/ छैन ।

(ट) उल्लेख भए अनुसार खरीद गर्दा नियमानुसार लाग्ने कर कटाएको छ/ छैन ।

(ठ) कार्यालयमा पर्याप्त मौज्दात छँदाछँदै अनावश्यक परिमाण खरिद गरी राखे/ नराखेको (भौतिक परीक्षण समेत गर्ने गरको छ/छैन)।

(ड) सरकारी सामान, सरकारी साधनले ढुवानी गरेको भए सो साधनमा राखेको ईन्धन खर्चको बिल साथ सो को लगबुक संलग्न छ/ छैन ।

**२.२.35 खर्च संकेत नं. २२३१२ (पशुपंक्षी हरुको आहार)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) पशुपंक्षीको लागि दिइने आहारको मापदण्ड/दरवन्दी तोकिएको छ/ छैन ।

(ख) पशुपंक्षीको लागि आहाराको परिमाण, गुणस्तर र लागतको लगत अनुमान गरिएको छ/ छैन ।

(ग) आहार खरीद गर्दा सार्वजनिक ऐन, नियमको पालना गरिएको छ/ छैन ।

(घ) पशुपंक्षीको लगत राखिएको छ/छैन । आहार भण्डारण र सुरक्षा व्यवस्था कस्तो गरिएको छ।

**२.२.36. खर्च संकेत नं. २२३१३ (पुस्तक तथा सामाग्री खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) सार्वजनिक विद्यालयले निःशुल्क रुपमा वितरण गर्ने पुस्तक, खेलकूद तथा शैक्षिक सामाग्री, सार्वजनिक पुस्तकालय प्रयोजनको लागि खरीद भएको पुस्तकको भुक्तानी दिंदा सरकारी नीति तथा निर्देशन एवं स्वीकृत कार्यक्रम अनुसार खरीद तथा वितरण गरिएको हो/ होईन ।

(ख) विद्यालयले निःशुल्क वितरण गरेको पुस्तक, खेलकूद तथा शैक्षिक सामाग्री जिन्सी खातामा आम्दानी बाँधिएको वा घटाएको छ/ छैन ।

(ग) सामाग्रीको वितरण गर्दा विद्यालय तथा विद्यार्थीको रेकर्ड अनुसार गरिएको छ/ छैन । सम्बन्धितविद्यालयको खातामा रकम ट्रान्सफर गरेको र विद्यार्थीले बुझिलिएको प्रमाण पेश भएको छ/ छैन ।

(घ) असम्बन्धित पुस्तक खरीद गरेको छ/ छैन ।

(ङ) पुस्तकालय स्थापनार्थ खरिद गरिएको पुस्तकहरुको जिन्सी अम्दानी वांधे/नवांधेको, पुस्तकालय स्थापना भए/नभएको र अग्रीम कर कट्टी गरी दाखिला गरेको छ/ छैन ।

**२.२.37. खर्च संकेत नं. २२३१४ (इन्धन–अन्य प्रयोजन)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रशासकीय कार्यमा प्रयोग हुने मट्टीतेल, ग्यास, कोईला, दाउरा अन्य इन्धन र सबै प्रकारका व्याट्रीहरु सम्बन्धी (सवारी साधनको व्याट्री यस रकम नम्वरबाट खर्च लेख्न मिल्दैन) खर्च गर्दा कार्यालयको कामसँग सम्बन्धित भएको देखिन्छ/ देखिँदैन (लगबुकमा देखाइएको काम हेर्ने )।

(ख) कुन कामलाई के कति ईन्धन दिने हो सो को कुनै मापदण्ड तोकिएको भए सो निर्णय हेर्ने । यदि तोकिएको भन्दा बढी ईन्धन उपलव्ध गराएको भए कारण सहित उपयुक्त अधिकारीबाट निर्णय भएको छ/ छैन हेर्ने ।

(ग) जेनेटर/ मेसिनरी आदि सर्भिसिङ गर्दा प्रयोग गरिएको ईन्धन खर्च साथ लगबुक संलग्न गरिएको छ/ छैन ।

(घ) भुक्तानी दिँदा माग फाराम, खरीद आदेश, दाखिला प्रतिवेदन संलग्न गरिएको छ/ छैन र पछि ईन्धन खर्च भई सके पछि सो को लगबुक खर्च भौचरसँग समावेश गरिएको छ/ छैन ।

**२.२.38. खर्च संकेत नं. २२३१५ (पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) छपाई भएको सामग्री, पत्रपत्रिका कार्यालयको दैनिक कार्य संचालनमा आवश्यक छ/ छैन।

(ख) सरकारी विज्ञापन, सूचना पत्रपत्रिकामा प्रकाशित गराई भुक्तानी खर्च लेखिएकोमा सो विज्ञापन, सूचना प्रकाशित गर्ने आदेशपत्र तथा प्रकाशित सूचनाको एक प्रति संलग्न छ/ छैन । आदेश पत्र र प्रकाशित पत्रिका हेर्ने । बढी क्षेत्रफल ओगट्ने गरी अनावश्यक रुपमा ठुलो साईजमा सूचना प्रकाशन गर्ने गरेको छ/ छैन।

(ग) छपाई तथा सूचना प्रकाशन गर्दा मितव्ययीताको अबलम्बन गरेको छ/ छैन ।

(घ) छपाई तथा सुचना प्रकाशन गर्दा सार्वजनिक खरीद ऐन तथा नियमावलीका अधिनमा रही खरीद गरिएको हो, होइन । यसरी छपाई तथा सुचना प्रकाशन गर्नु पूर्व सामानको स्पेशिफिकेसन तथा लागत अनुमान तयार गरी स्वीकृत गराएको छ/ छैन ।

(ङ) छपाई गरिएको सामानको बिलमा सामानको आकार प्रकार तथा अन्य विवरण आदि उल्लेख गरेको छ/ छैन ।

(च) छपाईको गरी भुक्तानी दिँदा बिलसाथ माग फाराम, खरीद आदेश र दाखिला रिपोर्ट संलग्न राखिएको छ/ छैन ।

(ज) छपाई तथा सुचना प्रकाशन गर्दा कुनै स्थानमा स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्र भएको व्यक्ति वा फर्म नपाइएमा मालसामान खरीद गरी सो को सूचना नजिकको आन्तरीक राजस्व कार्यालयमा दिनु पर्नेमा सो दिइएको छ/ छैन ।

**२.२.39. खर्च संकेत नं. २२३१9 (अन्य कार्यालय संचालन खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) माथि उल्लेखित वाहेकका कार्यालय संचालन सम्वन्धी अन्य खर्च मात्र समावेश हुने हुदा सो अनुसार भएको छ/ छैन ।

**२.२.40. खर्च संकेत नं. २२४११ (सेवा र परामर्श खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछ स्

(क) पूँजीगत निर्माण अन्तर्गत नपरेका वा त्यस्तो निर्माणसँग सम्बन्धित नभएका अध्ययन अनुसन्धान गराए बापतको खर्च मात्र भुक्तानी भएको हो/ होईन (स्वीकृत कार्यक्रम हेर्ने ।)

(ख) नेपाल सरकारबाट स्वीकृत भएको विशेषज्ञ तथा सल्लाहकारको सेवा प्राप्त भएकोमा सो को पारिश्रमिक तथा सुविधा निर्णय, करारनामा एवं संझौता अनुसार भुक्तानी भएको छ/ छैन ।

(ग) बजेट संकेत नं. ३११११२ र ३१११३ मा नपरेका अध्ययन तथा अनुसन्धान गराए बापतको भुक्तानी दिइएकोमा यस्तो अध्ययन तथा अनुसन्धान गर्ने के कस्तो सम्झौता गरिएको छ र सो सम्झौता अनुसार काम भए गरेको छ/ छैन ।

(घ) अध्ययन अनुसन्धानको कार्य गराए बापत खर्च लेखिएकोमा सो को प्रतिवेदन प्राप्त भएको छ/ छैन ।प्राप्त प्रतिवेदनको उपयोग पक्ष कस्तो रहेको छ ।

(ङ) परामर्शदातालाई बिल भुक्तानी गर्दा त्यस्तो भुक्तानीमा अग्रिम कर कट्टि गरेको छ/ छैन ।

**२.२.41. खर्च संकेत नं. २२४१२ (सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च)**

(क) प्रदेश सरकारबाट स्वीकृत भएको विशेषज्ञ तथा सल्लाहकारको सूचना प्रणाली तथा सफ्टवेयर संचालन सेवा प्राप्त भएकोमा सो को पारिश्रमिक तथा सुविधा निर्णय, करारनामा एवं संझौता अनुसार भुक्तानी भएको छ/ छैन ।

(ख) कार्यालय मै सोही विषयसँग सम्बन्धित प्राविधिक जनशक्ति उपलब्ध हुँदा हुँदै परामर्श सेवा लिँन नहुने भएकोले सोही बमोजिम भएको छ/ छैन ।

(ग) नियमित सुधार बापतको भुक्तानी गरेकोमा सो को लगबुक संलग्न राखेको छ/ छैन ।

**२.२.42. खर्च संकेत नं. २२४१३ (करार सेवा शुल्क)**

(क) कार्यालय भवन सुरक्षा गर्ने, सरसफाई गर्ने, बगैंचा संभार गर्ने, कार्यालयका चिठ्ठी ओसारपसार गर्ने, कृषि प्रसार, प्राथमिक स्वास्थ्य सेवाका सुविधा, सवारी चलाउने, टेलिफोन, फ्याक्स, कम्प्यूटर, फोटोकपी मेसिन जस्ता सामानहरुको संचालन र सम्भार आदी कार्यको लागि आवधिक वा पटके रुपमा करार सम्झौता गरी सेवा लिए वापत दिइने सेवा शूल्क बापतको खर्च यस अन्तर्गत पर्ने भएकोले यसरी सेवा शुल्क दिने गरी भएको करारनामा अनुसार भुक्तानी गर्दा स्वीकृत बजेट भित्र रही सेवा शुल्क दिने गरी करार गरिएको छ/ छैन ।

(ख) यसरी करारमा नियुक्ती गर्दा कार्य विवरण प्रष्ट खोली लागत अनुमान समेत तयार गरी नियमले तोकेको प्रकृया पुरा गरी करार सम्झौता गरेको छ/ छैन। भुक्तानी दिंदा कार्य विवरण अनुरुप काम भए नभएको प्रमाण समेत राख्ने गरेको छ/ छैन ।

(ग) करार सेवा अन्तर्गत रहेका कर्मचारीहरुको पारिश्रमिक यसै शिर्षकवाट मात्र भएको हुनु पर्नेमा सो वमोजिम भएको छ/छैन ।

**२.२.43. खर्च संकेत नं. २२४१४ (सरसफाई सेवा शुल्क)**

(क) सार्वजनिक क्षेत्र (सडक, वजार क्षेत्र, धार्मिकस्थल, पार्क अदि) पूर्वाधारको सरसफाईका निम्ति गरिने खर्च भएको हुदा खर्च गर्ने निर्णय र खर्चका विल भरपाई आदी संलग्न गरिएको छ/ छैन ।

(ख) ) सार्वजनिक क्षेत्रका पूर्वाधारको सरसफाई गर्दा कार्य विवरण प्रष्ट खोली लागत अनुमान समेत तयार गरी नियमले तोकेको प्रकृया पुरा गरी करार सम्झौता गरेको छ/ छैन। भुक्तानी दिंदा कार्य विवरण अनुरुप काम भए नभएको प्रमाण समेत राख्ने गरेको छ/ छैन ।

**२.२.44. खर्च संकेत नं. २२४१९ (अन्य सेवा शुल्क)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) 22411,22412, 22413, 22414 मा नपरेका अन्य खर्चहरुका निम्ति गरिने खर्च भएको हुदा खर्च गर्ने निर्णय र खर्चका विल भरपाई आदी संलग्न गरिएको छ/ छैन ।

**२.२.४5. खर्च संकेत नं. २२५११ (कर्मचारी तालिम खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछ :-

(क) सरकारी कर्मचारीलाई दिइने तालिम, गोष्ठी, कार्याशालामा भएको खर्च (प्रशिक्षक भत्ता, श्रोत व्यक्ति भत्ता, सहभागी भत्ता, मसलन्द, खाजा खर्च, हलभाडा आदि) प्रदेश सरकारको स्वीकृत दररेट/ मापदण्ड/ नर्म्स अनुसार भएको छ/ छैन ।प्रदेश सरकारवाट दररेट/ मापदण्ड/ नर्म्स स्वीकृत नभएको अवस्थामा नेपाल सरकारको स्वीकृत दररेट/ मापदण्ड/ नर्म्स अनुसार भएको छ/ छैन ।

(ख) तालिम, गोष्ठी, कार्याशालामा सहभागी हुने प्रशिक्षक/ प्रस्तोता/ प्रशिक्षार्थी/ सहभागी/ सहयोगीहरुको दैनिक तथा भ्रमण खर्च यसै खर्च संकेतबाट भुक्तानी गर्नुपर्नेमा सो अनुसार गरेको छ/ छैन।आवासिय तालिम भए बास खर्च दिएको छ/ छैन ।

(ग) उक्त कार्यक्रम स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको छ/ छैन ।

(घ) कार्यक्रम संचालनको लागी लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत लिएको छ/ छैन ।

(ङ) भुक्तानी भएको सबै प्रकारको भत्ता तथा भाडामा नियमानुसार अग्रिम आयकर एवं वहाल कर कट्टि गरी राजस्व खातामा जम्मा गरिएको छ/ छैन ।

(च) स्वीकृत कार्यक्रममा निर्धारित संख्या, लागत र समयमा दक्षतापूर्वक एवं प्रभावकारी रुपमा संचालन गरी कार्यक्रम पश्चात अनुगमन एवं मूल्यांकन गरेको छ/ छैन ।

(छ) तालिममा सहभागी प्रशिक्षक तथा सहयोगीको उपस्थिती अभिलेख र खर्च भुक्तानी भिड्छ/ भिड्दैन ।

(ज) उक्त कार्यको कार्यसम्पादन प्रतिवेदन संलग्न छ/ छैन ।

(झ) तालिम कार्यक्रम संचालन गर्दा सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका 2075 वमोजिम तथा सो मापदण्डमा नपरेका शिर्षकको हकमा अर्थ मन्त्रालयको स्वीकृत मापदण्ड अनुसार खर्च लेखिएको छ/छैन ।

**२.२.46. खर्च संकेत नं. २२५१२ (सीप विकास र जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) सार्वजनिक रुपमा दिइने आय आर्जन, सिप विकास, सशक्तिकरण, सार्वजनिक चेतना जागरण सम्बन्धी तालिम, गोष्ठी, कार्यशालामा भएको खर्च (प्रशिक्षक भत्ता, श्रोतव्यक्ति भत्ता, सहभागी भत्ता, मसलन्द,खाजा खर्च, हलभाडा आदि) स्वीकृत दररेट/ मापदण्ड/ नर्म्स अनुसार भएको छ/ छैन ।

(ख) तालिम, गोष्ठी, कार्याशालामा हुने सहभागीहरुको लागि दिइने दैनिक तथा भ्रमण भत्ता स्वीकृत नर्म्स अनुसार छ/ छैन ।

(ग) उक्त कार्यक्रम स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको छ/ छैन ।

(घ) कार्यक्रम संचालनको लागि लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत लिएको छ/ छैन ।

(ङ) भुक्तानी भएको सबै प्रकारको भत्ता तथा भाडामा नियमानुसार अग्रिम आयकर कट्टि गरी राजस्व खातामा जम्मा गरिएको छ/ छैन ।

(च) स्वीकृत कार्यक्रममा निर्धारित संख्या, लागत र समयमा दक्षतापूर्वक एवं प्रभावकारी रुपमा संचालनगरी कार्यक्रम पश्चात अनुगमन एवं मूल्यांकन गरेको छ/ छैन ।

(छ) उक्त तालिम/गोष्ठीमा सहभागी प्रशिक्षक तथा सहयोगीको उपस्थिती अभिलेख र खर्च भुक्तानी भिड्छ/ भिड्दैन ।

(ज) उक्त कार्यको कार्यसम्पादन प्रतिवेदन संलग्न छ/ छैन ।

**२.२.47. खर्च संकेत नं. २२५२१ (उत्पादन सामाग्री/सेवा)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) कच्चा पदार्थ तथा अन्य मालसामान आदि खरीद गरी त्यसमा थप भएको श्रम तथा उत्पादनसँग सम्बन्धित अन्य खर्च समेत प्रत्यक्ष रुपमा समावेश भई उत्पादित वा प्राप्त सामान पछि बिक्री वितरण गर्दा नगद प्राप्त हुने खालका सामानको मूल्य यस खर्च शिर्षकमा पर्दछ । जस्तै हुलाक टिकट, पोष्टकार्ड, घरेलु सामानहरु, किटनाशक औषधि, कृषि अन्तर्गतका दोपाया, चौपाया, मत्स्य पालन, च्याउखेती, अन्य कृषि सम्बन्धी उत्पादन, नापी कार्य अन्तर्गत नक्सा तयारी, कानूनी किताब, सामानको पुनः उत्पादन, विभिन्न दृश्य तथा राष्ट्रिय सम्पदाका पोष्ट कार्ड, ब्रोसियर आदिको खर्च, साथै नश्लसुधारका लागि खरीद गरिएका दोपाया चौपायाको मोल, अस्पतालमा प्रयोग हुने एक वर्ष भन्दा कमअवधि टिकाउ हुने प्रकृतिका सामानहरुको खर्च र यस्ता सामानहरुको ढुवानी गर्दा लाग्ने यातायात तथा ढुवानी सम्बन्धी खर्च । यस्तो खर्च गर्दा सम्बन्धित मन्त्रालय विभागले दिएको नीति निर्देशन मापदण्ड बमोजिम खरीद गरेको छ/ छैन । एवं उत्पादित बस्तुको भण्डारन/ संचय र बिक्री वितरणको समुचित ब्यवस्था गरिएको छ/छैन । उत्पादन सामाग्रीको उपयोग तोकिएको मापदण्ड अनुसार भएको छ/छैन ।

(ख) खरिद गरिएको कच्चा पदार्थको तुलनामा उत्पादित वस्तुको परिमाण र प्राप्त राजस्व सन्तोषजनक छ/छैन ।

**२.२.48. खर्च संकेत नं. २२५२२ (कार्यक्रम खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछ :-

(क) 22512 मा पर्ने वाहेक सवै किसिमका कार्यक्रम सञ्चालन हुने उत्पादन तथा सेवा प्रवाह सम्वन्धी कार्यक्रम खर्च गर्दा लागत अनुमान/ स्वीकृत दररेट/ मापदण्ड/ नर्म्स अनुसार भएको छ/ छैन ।

(ख) कार्यक्रम खर्च गर्दा मितव्ययितापूर्वक गरेको छ/ छैन ।

**२.२.49. खर्च संकेत नं. २२५२९ (विविध कार्यक्रम खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछ :-

(क) यसमा धार्मिक, सांस्कृतिक संस्थाहरुको पूजा पाठ, यज्ञ, जप लगायतका कार्यक्रम र अन्य कुनै खर्च शीर्षकहरुमा नपरेका कार्यक्रम खर्च  गर्दा लागत अनुमान/ स्वीकृत दररेट/ मापदण्ड/ नर्म्स अनुसार भएको छ/ छैन ।

(ख) विविध कार्यक्रम खर्च गर्दा मितव्ययितापूर्वक गरेको छ/ छैन ।

**२.२.50. खर्च संकेत नं. २२६११ (अनुगमन मूल्यांकन खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछ :-

(क) अधिकार प्राप्त अधिकारीले भ्रमण वा काजमा खटाएको हो/होइन ।

(ख) भ्रमणमा खटाउँदा म.ले.प.फा.नं. ३ मा भ्रमण आदेश भरिएको छ/ छैन ।

(ग) भ्रमण खर्च नियमावली,२०६४ को नियम २१ बमोजिम भ्रमणमा खटिने कर्मचारीहरुको भ्रमण अभिलेख खाता राखेको छ/ छैन ।

(घ) भ्रमण यथासम्भव कम खर्चिलो बाटो वा साधनबाट गर्नुपर्नेमा सो गरिएको छ/ छैन ।

(ङ) तोकिएको अवधिभन्दा बढीको भ्रमण अवधि लम्बिएको भए सो को यथार्थ आधार प्रमाण संलग्न गरी भ्रमण अवधि थप गरिएको छ/ छैन (गोपनियता राख्नु पर्ने अवस्थामा बाहेक अन्यको भ्रमण प्रतिवेदन र आदेश हेर्ने ।)

(च) भ्रमण खर्च तथा दैनिक भत्ता भुक्तानी दिँदा भ्रमण आदेश, भ्रमण प्रतिवेदन (प्रतिवेदन छुट्टै राख्ने व्यवस्था भएकोमा सोही बमोजिम हुने, , यातायात साधन प्रयोग गरेकोमा उपलब्ध भएसम्म सो को टिकट (वा स्वीकृत भाडा दर), भर्पाई संलग्न गरिएको छ/ छैन (भ्रमण प्रतिवेदनवाट प्राप्त सुझावहरुको कार्यान्वयनको अवस्था समेत हेर्ने ।

(छ) भ्रमणको लागि आवश्यकता भन्दा बढी पेश्की दिएको छ/ छैन ।

(ज) भ्रमण समाप्त भए पछि ३५ दिन भित्र सो को फाँटवारी पेश गरी पेश्की फछ्यौंट भएको छ/ छैन।

(झ) भ्रमण बिलमा सबै महल भरिएका छन्/ छैनन ।

(ञ) दैनिक भ्रमण भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, स्थानिय भत्ता  नपाउने भएकोले सो को भुक्तानी भएको छ/ छैन ।

(ट) खटिएको स्थान देखि 15 कि.मी. भित्र आफ्नो वा परिवारको नाममा स्थायी घरवास भएका पदाधिकारी तथा कर्मचारीलाई भ्रमण खर्च दिन नमिल्ने भएको हुदा 15 कि.मी. भित्र भ्रमणमा जादाको खर्च भुक्तानी गरिएको छ/ छैन ।

(ठ) वढीमा 10 लाख सम्मको विमा गर्न सक्ने भएकोले सो भन्दा वढीको प्रिमियम भुक्तानी गरेको छ/छैन र यात्रा बीमा गरेको खर्च माग गरेको भए बीमा रसिद संलग्न छ/ छैन ।

(ड) भ्रमणवाट फर्किएको दिनको दैनिक भत्ता वापत 25 प्रतिशत रकम मात्र पाउने भएकोले सो भन्दा वढी भुक्तानी भएको छ/छैन ।

(ढ) 7 दिन भन्दा वढी अवधिको लागि काज खटाउदा कारण खोली एक तह माथिको पदाधिकारीको स्वीकृति (विभाग र कार्यालयको हकमा)लिएको छ/छैन ।उक्त वढी अवधिको दैनिक भत्ताको 50 प्रतिशत मात्र भुक्तानी भएको भुक्तानी भएको छ/छैन ।

(ण) भ्रमणमा खटिएको अवधिमा विदा वसेको भएमा सो अवधिको दैनिक भ्रमण भत्ता भुक्तानी भएको छ/छैन।

(त) पैदल भ्रमण गर्दा कर्मचारी वा पदाधिकारी वा परिवारको सदस्य विरामी परेमा भ्रमण खर्च नियमावली 2064 को नियम 13 वमोजिमको प्रक्रिया पुरा गरी सो अनुसार भुक्तानी गरेको छ/छैन।

**२.२.51. खर्च संकेत नं. २२६१२ (भ्रमण खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछ :-

(क) एक जिल्लाबाट अर्को जिल्ला वा सोही जिल्लाको एक कार्यालयबाट 20 कि.मी. भन्दा बढी दुरी भएको अर्को कार्यालयमा सरुवा भएको अवस्थामा आफ्नो र परिवारको भ्रमण खर्च तथा दैनिक भत्ता पाउने हुँदा प्रमाणित दूरी अनुसार दाबी गरेको छ/ छैन परीक्षण गर्ने ।

(ख) सरुवा वा बढुवा भई जाँदा परिवारको दैनिक तथा भ्रमण खर्च भुक्तानी फाराम (म.ले.प. फा.नं.१८९) यातायात साधनको बील आदि कागजात परीक्षण गर्ने ।

(ग) सरकारी काम वा कार्यक्रम कार्यान्वयनको सिलसिलामा स्वदेश वा विदेशमा भ्रमण गर्दा नियमानुसार पाइने भ्रमण खर्च, दैनिक भत्ता, बास खर्च, नेता भत्ता, विदेश जाँदाको लुगा भत्ता (खर्च संकेतनं.२११२१,पोशाक अन्तर्गतको सुविधा लिएको भए नपाउने) बीमा खर्च, फुटकर तथा भैपरी आउने खर्च गर्दा, सम्बन्धित पदाधिकारीले खटाएको निर्णय, विदेशी तालिममा भए कन्फरमेसन पत्र, प्रायोजक संस्थाको भ्रमण सम्बन्धी विवरण र व्यहोर्ने खर्च, नेपाल सरकारले व्यहोर्ने खर्च, दुरी प्रमाणित वा छोटो दूरीबाट यात्रा गरेको प्रमाण राखिएको छ/ छैन ।

(घ) भ्रमण प्रतिवेदन छ/ छैन ।

(ङ) दैनिक भ्रमण भत्ताको भुक्तानी गर्दा पेश भएको हवाई टिकट यथार्थपरक छ/ छैन । बोर्डिङ पासको मिति र टिकटको मिति तथा उडान नम्वर मिल्छ/ मिल्दैन (हवाई टिकट अविश्वसनीय र अवास्तविक लागेमा सम्बन्धित हवाई सेवा प्रदायकबाट उडान गरेको प्रमाणित विवरण समेत संलग्न गर्न लगाउने।

**२.२.52. खर्च संकेत नं. २२६१३ (विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको लागि हुने यातायात भाडा, हवाई उडान कर, भ्रमणसम्बन्धी बीमा खर्च, दैनिक भत्ता, बासस्थान खर्च, विदेश जाँदाको लुगा भत्ता, फुटकर तथा भैपरी आउने रकम भुक्तानी दिंदा यसरी विदेश पठाउने बारेमा नेपाल/प्रदेश सरकारबाट भएको निर्णय र स्वीकृत नर्म्स तथा मापदण्ड अनुसार खर्च गरेको छ/ छैन ।

**२.२.53 खर्च संकेत नं. २२६१9 (अन्य भ्रमण खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकार वादी हुने मुद्दामा सरकारी पक्षमा साक्षीको रुपमा झिकाईएको व्यक्तिको भ्रमण सम्बन्धी खर्च गर्दा मितव्ययिता अपनाएको र नियमानुसार खर्च गरेको छ/ छैन ।

**२.२.54. खर्च संकेत नं. २२७११ (विविध खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च स्वीकृत भएको छ/ छैन ।

(ख) प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च गर्दा कति जनाको प्रतिनिधि मण्डल थियो रकति जनाको लागि खर्च गरिएको छ हेर्ने ।

(ग) यस बजेट रकमबाट कुनै कार्यक्रम संचालन गरेको भए सो कार्यक्रम संचालन गर्न स्वीकृत कार्यक्रम, लागत अनुमान,कार्यक्रमसँग सम्बन्धित खर्च निर्देशिका, आदेश, निर्णय,परिपत्र अनुसार खर्च गरेको छ/ छैन ।

(ङ) एक पटकमा खर्च लेख्न तोकिएको सीमा भन्दा बढी खर्च लेखेको छ/ छैन ।

(च) अन्य कुनै खर्च संकेत नं. मा नपरेको विविध खर्च मात्र यस खर्च शिर्षकबाट खर्च लेखेको हो/ होईन ।

**२.२.55. खर्च संकेत नं. २3१११ (स्थिर सम्पत्तिमा हास कट्टी)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारले हास कट्टीको निर्णय गरी स्वामित्वमा रहेको स्थिर सम्पतिमा हुने हास कट्टी खर्चको हिसाब स्पष्ट रूपले देखिने गरी खाता अद्यावधिक रूपमा राखेको छ/ छैन ।

**२.२.56. खर्च संकेत नं. २४१११ (वैदेशिक ऋणको व्याज)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारले विभिन्न राष्ट्रहरू, संस्थाहरू (ए.डि.वि.,आई.डि.ए.)आदि बाट लिएको ऋणको हिसाब स्पष्ट रूपले देखिने गरी ऋण हिसाबको खाता अद्यावधिक रूपमा राखेको छ/ छैन ।

(ख) बाह्य ऋणको व्याज भुक्तानी गरिएकोमा सो को हिसाब ठीक छ/ छैन, भुक्तानी गरिएको हिसाबको खाता अद्यावधिक रूपमा राखेको छ/ छैन ।

(ग) निर्धारित समयमा बाह्य ऋणको व्याज भुक्तानी गरिएको छ/ छैन ।

**२.२.57. खर्च संकेत नं. २४२११ (आन्तरिक ऋणको व्याज)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारले लिएको आन्तरिक ऋण तथा सापटीको हिसाब स्पष्ट रूपले देखिने गरी ऋण हिसाबको खाता अद्यावधिक रूपमा राखेको छ/ छैन ।

(ख) आन्तरिक ऋणको साँवा/ व्याज भुक्तानी गरिएकोमा सो को हिसाब ठीक छ/ छैन, भुक्तानी गरिएको हिसाबको खाता अद्यावधिक रूपमा राखेको छ/ छैन ।

(ग) निर्धारित समयमा आन्तरिक ऋणको व्याज भुक्तानी गरिएको छ / छैन ।

**२.२.58. खर्च संकेत नं. २४२१२ (आन्तरिक ऋणको सेवा, शुल्क तथा बैक कमिसन)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारले आन्तरिक ऋण तथा सापटी लिदां केन्द्रीय बैकलाई तिर्नुपर्ने सेवा शुल्क र वाणिज्य बैंकलाई दिनुपर्ने कमिसन बापतको रकमको हिसाब स्पष्ट रूपले देखिने गरी सेवा शुल्क तथा बैंक कमिसन खर्च हिसाबको खाता अद्यावधिक रूपमा राखेको छ/ छैन ।

(ख) यस्तो सेवा शुल्क तथा बैंक कमिसन भुक्तानी गरिएकोमा सो सम्बन्धी खाता अद्यावधिक छ/ छैन ।

(ग) यस्तो सेवा शुल्क तथा बैंक कमिसन निर्धारित समयमा भुक्तानी गरिएको छ/ छैन ।

**२.२.59. खर्च संकेत नं. २४२१३ (अन्य वित्तिय संस्थाको ऋणको सेवा शुल्क, कमिशन तथा सेवा शुल्क भुक्तानी)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारले अन्य वित्तिय संस्थाबाट कुनै प्रकारको ऋण तथा सापटी लिदां केन्द्रीय बैकलाई तिर्नुपर्ने सेवा शुल्क र वाणिज्य बैंकलाई दिनुपर्ने कमिसन बापतको रकमको हिसाब स्पष्ट रूपले देखिने गरी सेवा शुल्क तथा बैंक कमिसन खर्च हिसाबको खाता अद्यावधिक रूपमा राखेको छ/ छैन।

(ख) यस्तो सेवा शुल्क तथा बैंक कमिसन भुक्तानी गरिएकोमा सो सम्बन्धी खाता अद्यावधिक छ/ छैन।

(ग) यस्तो सेवा शुल्क तथा बैंक कमिसन निर्धारित समयमा भुक्तानी गरिएको छ/ छैन।

**२.२.60. खर्च संकेत नं. २४३११ (अन्य तहका सरकारबाट प्राप्त ऋणको व्याज)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारले संघीय, अन्य प्रदेश तथा स्थानीय तहबाट लिएको ऋण तथा सापटीको हिसाब स्पष्ट रूपले देखिने गरी ऋण हिसाबको खाता अद्यावधिक रूपमा राखेको छ/ छैन ।

(ख) प्रदेश सरकारले संघीय, अन्य प्रदेश तथा स्थानीय तहबाट लिएको ऋणको साँवा/ व्याज भुक्तानी गरिएकोमा सो को हिसाब ठीक छ/ छैन, भुक्तानी गरिएको हिसाबको खाता अद्यावधिक रूपमा राखेको छ/ छैन ।

(ग) निर्धारित समयमा प्रदेश सरकारले संघीय, अन्य प्रदेश तथा स्थानीय तहबाट लिएको ऋणको व्याज भुक्तानी गरिएको छ / छैन ।

**२.२.61. खर्च संकेत नं. २४३१२ (अन्य तहका सरकारबाट प्राप्त ऋणको सेवा शुल्क तथा कमिशन)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारले संघीय, अन्य प्रदेश तथा स्थानीय तहबाट ऋण तथा सापटी लिदां तिर्नुपर्ने सेवा शुल्क र कमिसन बापतको रकमको हिसाब स्पष्ट रूपले देखिने गरी सेवा शुल्क तथा कमिसन खर्च हिसाबको खाता अद्यावधिक रूपमा राखेको छ/ छैन ।

(ख) यस्तो सेवा शुल्क तथा कमिसन भुक्तानी गरिएकोमा सो सम्बन्धी खाता अद्यावधिक छ/ छैन ।

(ग) यस्तो सेवा शुल्क तथा कमिसन निर्धारित समयमा भुक्तानी गरिएको छ/ छैन ।

**२.२.62. खर्च संकेत नं. २५१११ (गैर वित्तीय संस्थानहरुलाई चालु सहायता)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका गैर वित्तीय सार्वजनिक संस्थानलाई चालु प्रकृतिको खर्चको लागि दिइने सहायता सम्बन्धी खर्च गर्दा निर्णय फाईल, स्वीकृत कार्यक्रम, विगतमा दिएको खर्चको प्रगति विवरण राखिएको छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप सहायता दिएको हो/ होइन ।

(ग) सहायता रकम संघीय वा स्थानीय तहबाट समेत प्राप्त गरि दोहोरोपना भएको छ/ छैन ।

(घ) सहायता रकम आवश्यक हो/ होइन र यसको मितव्ययी उपयोग भएको छ/ छैन ।

**२.२.63. खर्च संकेत नं. २५११२ (गैर वित्तीय संस्थान पूँजीगत सहायता)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारले गैर वित्तीय सार्वजनिक संस्थानलाई पूँजीगत सम्पत्तिको खरीद र निर्माण कार्यको लागि दिइने सहायता सम्बन्धी खर्च गर्दा निर्णय फाईल, स्वीकृत कार्यक्रम, विगतमा दिएको खर्चको प्रगति विवरण राखिएको छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप सहायता दिएको हो/ होइन ।

(ग) सहायता रकम संघीय वा स्थानीय तहबाट समेत प्राप्त गरि दोहोरोपना भएको छ/ छैन ।

(घ) सहायता रकमको मितव्ययी उपयोग भएको छ/ छैन ।

**२.२.64. खर्च संकेत नं. २५१२१ (वित्तीय संस्थानहरुलाई चालु सहायता)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका वित्तीय सार्वजनिक संस्थानलाई चालु प्रकृतिको खर्चको लागि दिइने सहायता सम्बन्धी खर्च गर्दा निर्णय फाईल, स्वीकृत कार्यक्रम, विगतमा दिएको खर्चको प्रगति विवरण राखिएको छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप सहायता दिएको हो/ होइन ।

(ग) सहायता रकम संघीय वा स्थानीय तहबाट समेत प्राप्त गरि दोहोरोपना भएको छ/ छैन ।

(घ) सहायता रकमको मितव्ययी उपयोग भएको छ/ छैन ।

**२.२.65. खर्च संकेत नं. २५१२२ (वित्तीय संस्थानहरुलाई पूँजीगत सहायता)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारद्वारा वित्तीय सार्वजनिक संस्थानलाई पूँजीगत सम्पत्तिको खरीद र निर्माण कार्यको लागि दिइने सहायता सम्बन्धी खर्च गर्दा निर्णय फाईल, स्वीकृत कार्यक्रम, विगतमा दिएको खर्चको प्रगति विवरण राखिएको छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप सहायता दिएको हो/ होइन ।

(ग) सहायता रकम संघीय वा स्थानीय तहबाट समेत प्राप्त गरि दोहोरोपना भएको छ/ छैन ।

(घ) सहायता रकमको मितव्ययी उपयोग भएको छ/ छैन ।

**२.२.66. खर्च संकेत नं. २५२११ (गैर वित्तीय व्यवसायहरुलाई चालु सहायता)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारद्वारा गैर वित्तीय निजी व्यवसायलाई सञ्चालन अनुदानका रुपमा दिइने चालु प्रकृतिको सहायता सम्बन्धी खर्च गर्दा निर्णय फाईल, स्वीकृत कार्यक्रम, विगतमा दिएको खर्चको प्रगति विवरण राखिएको छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप सहायता दिएको हो/ होइन ।

(ग) सहायता रकम संघीय वा स्थानीय तहबाट समेत प्राप्त गरि दोहोरोपना भएको छ/ छैन ।

(घ) सहायता रकमको मितव्ययी उपयोग भएको छ/ छैन ।

**२.२.67. खर्च संकेत नं. २५२१२ (गैर वित्तीय व्यवसायहरुलाई पूँजीगत सहायता)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारद्वारा गैर वित्तीय निजी व्यवसायलाई पूँजीगत सम्पत्ति खरीद वा निर्माण सम्बन्धी खर्चका लागि दिइने सहायता सम्बन्धी खर्च गर्दा निर्णय फाईल, स्वीकृत कार्यक्रम, विगतमा दिएको खर्चको प्रगति विवरण राखिएको छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप सहायता दिएको हो/ होइन ।

(ग) सहायता रकम संघीय वा स्थानीय तहबाट समेत प्राप्त गरि दोहोरोपना भएको छ/ छैन ।

(घ) सहायता रकमको मितव्ययी उपयोग भएको छ/ छैन ।

**२.२.68. खर्च संकेत नं. २५२२१ (वित्तीय व्यवसायहरुलाई चालु सहायता)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारद्वारा वित्तीय निजी व्यवसायलाई सञ्चालन अनुदानका रुपमा दिइने चालु प्रकृतिको सहायता सम्बन्धी खर्च गर्दा निर्णय फाईल, स्वीकृत कार्यक्रम, विगतमा दिएको खर्चको प्रगति विवरण राखिएको छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप सहायता दिएको हो/ होइन ।

(ग) सहायता रकम संघीय वा स्थानीय तहबाट समेत प्राप्त गरि दोहोरोपना भएको छ/ छैन ।

(घ) सहायता रकमको मितव्ययी उपयोग भएको छ/ छैन ।

**२.२.69. खर्च संकेत नं. २५२२२ (वित्तीय व्यवसायहरुलाई पूँजीगत सहायता)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारले वित्तीय निजी व्यवसायलाई पूँजीगत सम्पत्ति खरीद वा निर्माण सम्बन्धी खर्चका लागि दिइने सहायता सम्बन्धी खर्च गर्दा निर्णय फाईल, स्वीकृत कार्यक्रम, विगतमा दिएको खर्चको प्रगति विवरण राखिएको छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप सहायता दिएको हो/ होइन ।

(ग) सहायता रकम संघीय वा स्थानीय तहबाट समेत प्राप्त गरि दोहोरोपना भएको छ/ छैन ।

(घ) सहायता रकमको मितव्ययी उपयोग भएको छ/ छैन ।

**२.२.70. खर्च संकेत नं. २५३११(शैक्षिक संस्थाहरुलाई सहायता)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारले शैक्षिक संस्थाहरुलाई प्रदान गरिने सहायता सम्बन्धी खर्च गर्दा निर्णय फाईल, स्वीकृत कार्यक्रम, विगतमा दिएको खर्चको प्रगति विवरण राखिएको छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप सहायता दिएको हो/ होइन ।

(ग) सहायता रकम संघीय वा स्थानीय तहबाट समेत प्राप्त गरि दोहोरोपना भएको छ/ छैन ।

(घ) सहायता रकमको मितव्ययी उपयोग भएको छ/ छैन ।

**२.२.71. खर्च संकेत नं. २५३१२ (स्वास्थ्य संस्थाहरुलाई सहायता)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारले स्वास्थ्य संस्थाहरुलाई प्रदान गरिने सहायता सम्बन्धी खर्च गर्दा निर्णय फाईल, स्वीकृत कार्यक्रम, विगतमा दिएको खर्चको प्रगति विवरण राखिएको छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप सहायता दिएको हो/ होइन ।

(ग) सहायता रकम संघीय वा स्थानीय तहबाट समेत प्राप्त गरि दोहोरोपना भएको छ/ छैन ।

(घ) सहायता रकमको मितव्ययी उपयोग भएको छ/ छैन ।

**२.२.72. खर्च संकेत नं. २५३१३ (उपभोक्ता समिति तथा गैह्र सरकारी संस्था सहायता)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारले उपभोक्ता समिति तथा गैह्र सरकारी संस्थालाई प्रदान गरिने सहायता सम्बन्धी खर्च गर्दा निर्णय फाईल, स्वीकृत कार्यक्रम, विगतमा दिएको खर्चको प्रगति विवरण राखिएको छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप सहायता दिएको हो/ होइन ।

(ग) सहायता रकम संघीय वा स्थानीय तहबाट समेत प्राप्त गरि दोहोरोपना भएको छ/ छैन ।

(घ) सहायता रकमको मितव्ययी उपयोग भएको छ/ छैन ।

**२.२.73. खर्च संकेत नं. २५३१४ (धार्मिक तथा साँस्कृतिक संस्था सहायता)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारले धार्मिक तथा साँस्कृतिक संस्थालाई प्रदान गरिने सहायता सम्बन्धी खर्च गर्दा निर्णय फाईल, स्वीकृत कार्यक्रम, विगतमा दिएको खर्चको प्रगति विवरण राखिएको छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप सहायता दिएको हो/ होइन ।

(ग) सहायता रकम संघीय वा स्थानीय तहबाट समेत प्राप्त गरि दोहोरोपना भएको छ/ छैन ।

(घ) सहायता रकमको मितव्ययी उपयोग भएको छ/ छैन ।

**२.२.74. खर्च संकेत नं. २५३१५(अन्य संस्था सहायता)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारले माथि उल्लेखित वाहेकका व्याक्ति,संस्था वा अन्य जुनसुकै प्रयोजनका लागि प्रदान गर्ने अन्य सहायता सम्बन्धी खर्च गर्दा निर्णय फाईल, स्वीकृत कार्यक्रम, विगतमा दिएको खर्चको प्रगति विवरण राखिएको छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप सहायता दिएको हो/ होइन ।

(ग) सहायता रकम संघीय वा स्थानीय तहबाट समेत प्राप्त गरि दोहोरोपना भएको छ/ छैन ।

(घ) सहायता रकमको मितव्ययी उपयोग भएको छ/ छैन ।

**२.२.75. खर्च संकेत नं.२६331 (समानिकरण अनुदान)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) यसमा सरकारका अन्य तहको खर्चको आवश्यकता र श्रोत परिचालनको क्षमता एवं सम्भावनाको तुलनामा देखिएको भिन्नता पूरा गर्नका उपलव्ध गराउने समानिकरण अनुदान वापतको रकम समावेश हुने हुदा प्रदेश सरकारको स्वीकृत वजेट, गत अवधिमा दिएको निकासाको प्रगति विवरण राखिएको छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप अनुदान दिएको हो/ होइन ।

**२.२.76. खर्च संकेत नं.२६332 (शसर्त अनुदान)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) यसमा निश्चित प्रयोजनका लागि कार्य वा शर्त तोकी एक सरकारवाट अर्को सरकारलाई प्रदान गर्ने शर्त सहितको चालु अनुदान वापतको रकम समावेश हुने हुदा प्रदेश सरकारको स्वीकृत वजेट, गत अवधिमा दिएको निकासाको प्रगति विवरण राखिएको छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप अनुदान दिएको हो/ होइन ।

(ग) नेपाल सरकारले प्रदेश सरकारलाई उपलव्ध गराउने शसर्त अनुदान तोकिएको कार्यक्रम, क्रियाकलाप, खर्च शिर्षक अनुसारका कार्यक्रम तथा क्रियाकलापमा खर्च लेखिएको छ/छैन ।

(घ) शसर्त अनुदान वापतको कार्यक्रम, क्रियाकलाप अनुसारका प्रगति प्रतिवेदन वनाएको छ/छैन ।

(ङ) शसर्त अनुदान वापतको वाकी मौज्दात रकम आर्थिक वर्षको अन्त्यमा कोषमा फिर्ता गरिएको छ/छैन ।

**२.२.77. खर्च संकेत नं.२६333 (विशेष अनुदान)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) यसमा एक सरकारले अर्को सरकारलाई विशेष कार्य वा प्रयोजनका लागि त्यस्तो कार्य सम्पादन गर्नु पर्ने कारण सहित उपलब्ध गराउने विशेष चालु अनुदान वापतको रकम समावेश हुने हुदा प्रदेश सरकारको स्वीकृत वजेट, गत अवधिमा दिएको निकासाको प्रगति विवरण राखिएको छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप अनुदान दिएको हो/ होइन ।

(ग) नेपाल सरकारले प्रदेश सरकारलाई प्रदेश सरकारवाट संचालन हुने शैक्षिक कार्यक्रम, स्वास्थ्य सेवा सम्वन्धी विशेष कार्यक्रम, दुर्गम तथा आर्थिकरुपमा पिछडिएको क्षेत्रमा खानेपानी आपुर्ति सम्वन्धी कार्यक्रम, विभेदमा परेका वर्ग वा समुदायको उत्थान वा विकास कार्यक्रम, मानविय विकास सन्तुलन सम्वन्धी कार्यक्रम,खाद्य सुरक्षा

कार्यक्रम, फोहोरमैला व्यवस्थापन कार्यक्रम आदिका लागि विशेष अनुदान उपलब्ध गराउने हुदा सो अनुसार खर्च भएको छ/छैन ।

(घ) विशेष अनुदान खर्च गर्दा जुन आयोजना/कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना/कार्यक्रममा मात्र खर्च लेखिएको छ/छैन ।

(ङ) विशेष अनुदान वापत प्राप्त रकम उपभोक्ता समिति मार्फत संचालन हुने आयोजना/कार्यक्रमको लागि खर्च गर्न नपाईने भएको हुदा सो अनुसार खर्च लेखिएको छ/छैन ।

(च) प्रदेश सरकारले विशेष अनुदान वापतको रकम आफ्नो वार्षिक कार्यक्रममा समावेश गरि खर्च लेखिएको छ/छैन ।

(छ) विशेष अनुदान वापतको वाकी मौज्दात रकम आर्थिक वर्षको अन्त्यमा कोषमा फिर्ता गरिएको छ/छैन

**२.२.78. खर्च संकेत नं.२६334 (समपुरक अनुदान)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) यसमा एक सरकारले अर्को सरकारलाई प्रदान गर्ने समपुरक चालु अनुदान वापतको रकम समावेश हुने हुदा प्रदेश सरकारको स्वीकृत वजेट, गत अवधिमा दिएको निकासाको प्रगति विवरण राखिएको छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप अनुदान दिएको हो/ होइन ।

(ग) नेपाल सरकारले प्रदेश सरकारलाई भौतिक पूर्वाधार विकास सम्वन्धी आयोजना/कार्यक्रमको लागि कुल लागतको अधिकतम 40% समपूरक अनुदान खर्चको सोधभर्नाकारुपमा प्रदान गर्ने हुदा समयमा सोधभर्ना लिएको छ/छैन ।

(घ) समपूरक अनुदान खर्च गर्दा जुन आयोजना/कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना/कार्यक्रममा मात्र खर्च लेखिएको छ/छैन ।

(ङ) समपूरक अनुदान वापत प्राप्त रकम उपभोक्ता समिति मार्फत संचालन हुने आयोजना/कार्यक्रमको लागि खर्च गर्न नपाईने भएको हुदा सो अनुसार खर्च लेखिएको छ/छैन ।

(च) प्रदेश सरकारले समपूरक अनुदान वापतको रकम आफ्नो वार्षिक कार्यक्रममा समावेश गरि खर्च लेखिएको छ/छैन ।

(छ) समपुरक अनुदान वापतको वाकी मौज्दात रकम आर्थिक वर्षको अन्त्यमा कोषमा फिर्ता गरिएको छ/छैन

**२.२.79. खर्च संकेत नं.२६335 (अन्य अनुदान)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) यसमा खर्च संकेत नं. 26331 देखि 26334 सम्म नपरेका अन्य प्रकृतिका अनुदान वापतको रकम समावेश हुने हुदा प्रदेश सरकारको स्वीकृत वजेट, गत अवधिमा दिएको निकासाको प्रगति विवरण राखिएको छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप अनुदान दिएको हो/ होइन ।

**२.२.80. खर्च संकेत नं.२६४११ (सरकारी निकाय, समिति एवं बोर्डहरुलाई निःशर्त चालु अनुदान)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारको तर्फबाट सरकारी निकाय (विकास समिति ऐन, वा अन्य छुट्टै ऐनद्वारा गठन भएकानिकाय समेत) बोर्ड, समिति, शिक्षण संस्था, अस्पताललाई दिइने नि:शर्त अनुदान खर्च गर्दा, निर्णय फाईल, स्वीकृत कार्यक्रम, गत अवधिमा दिएको खर्चको प्रगति विवरण राखिएको छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप सहायता दिएको हो/ होइन ।

**२.२.81. खर्च संकेत नं.२६४१२ (सरकारी निकाय, समिति एवं बोर्डहरुलाई सःशर्त चालु अनुदान)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारको तर्फबाट सरकारी निकाय (विकास समिति ऐन, वा अन्य छुट्टै ऐनद्वारा गठन भएकानिकाय समेत) बोर्ड, समिति, शिक्षण संस्था, अस्पताललाई दिइने सःशर्त अनुदान खर्च गर्दा, निर्णयफाईल, स्वीकृत कार्यक्रम, गत अवधिमा दिएको खर्चको प्रगति विवरण राखिएको छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप सहायता दिएको हो/ होइन ।

(ग) शसर्त अनुदान खर्च गर्दा तोकिएको शर्तहरुको पालना भए/ नभएको ।

**२.२.82. खर्च संकेत नं.२६४१३ (अन्य संस्थालाई सःशर्त चालु अनुदान)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारवाट भएको निर्णय अनुरुप दैवी प्रकोप वा अन्य कारणले पीडित व्यक्तिलाई दिइएको क्षतिपूर्ति रकमको हकमा सोको निर्णय फाईल, भुक्तानी पाउने व्यक्तिको परिचय खुल्ने कागजात/ परिचयपत्र, भरपाई वा रकम बुझेको प्रमाण तथा अन्य आवश्यक कागजात राखिएको छ / छैन ।

(ख) गैर सरकारी सामाजिक क्षेत्रका सेवामूलक संस्था, धार्मिक संघ संस्थालाई दिने अनुदान सम्बन्धी खर्च गर्दा, अनुदान दिने मापदण्ड तथा आधार, निर्णय, सम्बन्धित संघ संस्थालाई भुक्तान गरेको भरपाई छ/ छैन ।

(ग) माथि उल्लेखित खर्च संकेत नं. हरुमा नपरेका अन्य अनुदान सम्बन्धी खर्च ।

**२.२.83. खर्च संकेत नं.२६४२१ (सरकारी निकाय, समिति बोर्ड– पूँजीगत निःशर्त अनुदान)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारको तर्फबाट सरकारी निकाय (विकास समिति ऐन, वा अन्य छुट्टै ऐनद्वारा गठन भएका निकाय समेत) बोर्ड, समिति, शिक्षण संस्था, अस्पताललाई पूँजीगत कार्यका लागि दिइने निःशर्त अनुदान खर्च गर्दा, निर्णय फाईल, स्वीकृत कार्यक्रम, विगतमा दिएको खर्चको प्रगति विवरण राखिएको छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप सहायता दिएको हो/ होइन ।

**२.२.84. खर्च संकेत नं.२६४२२ (सरकारी निकाय, समिति बोर्ड– पूँजीगत सःशर्त अनुदान)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारको तर्फबाट सरकारी निकाय (विकास समिति ऐन, वा अन्य छुट्टै ऐनद्वारा गठन भएका निकाय समेत) बोर्ड, समिति, शिक्षण संस्था, अस्पताललाई पूँजीगत कार्यका लागि दिइने सःशर्त अनुदान खर्च गर्दा, निर्णय फाईल, स्वीकृत कार्यक्रम, विगतमा दिएको खर्चको प्रगति विवरण राखिएको छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप सहायता दिएको हो/ होइन ।

**२.२.85. खर्च संकेत नं.२६४२३ (अन्य संस्थालाई सःशर्त पूँजीगत अनुदान)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारको तर्फबाट गैर सरकारी सामाजिक क्षेत्रका सेवामूलक संस्था र माथि उल्लेख नभएका संस्थालाई पूँजीगत कार्यको लागि दिइने अनुदान खर्च गर्दा, निर्णय फाईल, स्वीकृत कार्यक्रम, गत अवधिमा दिएको खर्चको प्रगति विवरण राखिएको छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप सहायता दिएको हो/ होइन ।

**२.२.86. खर्च संकेत नं. २७१११ (सामाजिक सुरक्षा)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) यसमा वृद्ध, असहाय,अपांग, विधवा वा राज्यले दायित्व व्यहोर्ने निर्णय गरेका समुदाय वा व्यक्तिलाई प्रदान गरिएको आर्थिक सहायता वा अनुदान स्वरुप प्रदान गरिने रकम खर्च गर्दा सो को आधार,प्रमाण, भरपाई ,निर्णय एवं निर्देशन छ/ छैन । सम्बन्धित व्यक्तिले नै बुझेको प्रमाणित गर्ने यथेष्ट प्रमाण संलग्न छ/ छैन । हिनामिना र दुरुपयोग हुन नपाउने गरी नियन्त्रण, अनुगमन गर्ने प्रभावकारी प्रकृया र संयन्त्र छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप सहायता दिएको हो/ होइन ।

**२.२.87. खर्च संकेत नं. २७११२ (अन्य सामाजिक सुरक्षा )**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) राष्ट्रिय व्यक्तित्व तथा सर्वसाधारणलाई दिइने औषधि उपचार खर्च र मृत्यु वा अन्य कारणले पीडितलाई दिईने आर्थिक सहायता रकम भुक्तानी दिइएकोमा सो प्रदान गर्ने आधार, प्रमाण, निर्णय एवं निर्देशन छ/ छैन

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप सहायता दिएको हो/ होइन ।

**२.२.88. खर्च संकेत नं. २७२११ (छात्रवृत्ति )**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) विद्यालय, महाविद्यालय, विश्वविद्यालय जस्ता सबै प्रकारका शिक्षण संस्थाहरुमा अध्ययन गर्ने छात्रछात्राहरुलाई छात्रवृत्ति स्वरुप दिइने अनुदान वापतको नगद, जिन्सी वा सुविधाको रकम तथा सरकारी सेवामा कार्यरत कर्मचारीलाई छात्रवृत्ति स्वरुप दिइने रकम भुक्तानी दिइएकोमा सो प्रदान गर्ने आधार, प्रमाण, कार्यक्रम, निर्णय एवं निर्देशन छ/ छैन ।

(ख) छात्रबृत्ति वितरणको भरपाई र सम्बन्धित व्यक्तिलाई नै भुक्तानी दिएको प्रमाण संलग्न छ/ छैन।

**२.२.89. खर्च संकेत नं. २७२१२ (उद्धार, राहत तथा पुनर्स्थापना खर्च )**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) विपद् वा अन्य घटनाका कारणले भएको क्षति वापत व्यक्ति/ संस्थालाई दिइने क्षतिपूर्तिको रकम भुक्तानी दिइएकोमा सो प्रदान गर्ने आधार, प्रमाण, निर्णय एवं निर्देशन छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप उक्त खर्च दिएको हो/ होइन ।

**२.२.90. खर्च संकेत नं. 27213 (औषधी खरिद खर्च)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) औषधी उपलब्ध गराउने सम्बन्धमा दरभाउपत्र वा बोलपत्रको माध्यमबाट खरीद गरिएकोमा सो खरीद प्रक्रिया सार्वजनिक खरीद ऐन तथा नियम बमोजिम छ/ छैन ।

(ख) खरीद भएका औषधीको गुणस्तर परीक्षण सम्बन्धी उपर्युक्त व्यवस्था छ/ छैन (प्राप्त औषधी निर्धारित गुणस्तर, मापदण्ड अनुरुपको छ/ छैन । सम्झौता/ निर्णय / परीक्षण प्रतिवेदन आदि कागजातहरु हेर्ने।

(ग) प्रतिबन्धित एवं समयावधि समाप्त भएका औषधिहरू खरीद गरिएका छन्/ छैनन् । यस्ता औषधीहरूको विवरण, दाखिला प्रतिवेदन र म.ले.प.फा.नं. १८० हेर्ने (समयावधि उल्लेख गरेको हुनुपर्ने।)

(घ) औषधिको प्रकृति बमोजिम भण्डारण गर्ने उपयुक्त व्यवस्था गरिएको छ/ छैन ।

(ङ) माथिल्लो निकायबाट औषधी खरिद गरी पठाउँदा ढुवानी सम्बन्धी ठेक्का पट्टा भएकोमा नियमको प्रक्रिया पूरा भएको छ/ छैन ।

(च) औषधीहरू मोटरगाडी, रेल, हवाइजहाज, जनावर वा मानिसद्वारा ढुवानी गर्दा औषधीको प्रकृति, परिमाण स्पष्ट खुलेको छ/ छैन र प्रचलित दररेट संलग्न छ/ छैन । चलानी विवरण, दर रेट र दाखिला विवरण हेर्ने । औषधिको परिमाण वा तौलको तुलनामा ढुवानी भाडा सन्तोषजनक छ/ छैन।

(छ) तालुक विभाग र मन्त्रालयले तोकि दिएको नीति निर्देशन र आदेश बमोजिम तोकिएको मात्रामा तोकिएको स्थानबाट उक्त औषधी खरीद गरिएको हो/ होइन ।

(ज) खरिद भएका औषधीहरु प्रयोग नभै म्याद गुज्रेको अवस्थामा के कति परिमाणमा बाँकी छन् परीक्षण गर्ने।

(झ) खरिद भएका औषधीहरु निशुल्क वितरण गरिने भएमा औषधीको प्याकेटमा/पत्तामा निशुल्क वितरित भन्ने छाप लगाएको छ/छैन।

**२.२.91. खर्च संकेत नं. २७२१९ (अन्य सामाजिक सहायता )**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) सरकारको तर्फबाट प्रदान गरिने अन्य धार्मिक/ सामाजिक सहायता, पुरस्कार वा सामाजिक सहायता सम्बन्धी रकम भुक्तानी दिइएकोमा सो प्रदान गर्ने आधार, प्रमाण, निर्णय एवं निर्देशन छ/ छैन ।

(ख) प्रदेश सरकारको नीति, निर्णय, निर्देशिका अनुरुप उक्त खर्च दिएको हो/ होइन ।

**२.२.92. खर्च संकेत नं. २७३११ ( निवृत्तिभरण तथा अशक्त वृत्ति)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) सेवा निवृत्त पदाधिकारी वा कर्मचारीलाई प्रदान गरिने निवृत्तिभरण सुविधा तथा अशक्त वृत्तिको खर्च भुक्तानी दिएकोमा राष्ट्रिय किताब खाना वा कानूनले तोकेका यस्तै अन्य निकायहरुको पत्र संलग्न छ/ छैन

(ख) निवृत्तिभरणको रकम हकवालाले भुक्तानी पाएको रहेछ भने त्यस्तो हकवालाको नाता प्रमाणित पत्र वा प्रमाण छ/ छैन ।

(ग) निवृत्तभरण भुक्तानी बापत बैंकलाई सोधभर्ना भुक्तानी दिईएकोमा प्राप्त दाबीलाई अभिलेखसँग भिडान गरी भुक्तानी दिनु पर्ने रकम एकिन गरेर मात्र सोधभर्ना दिईएको छ/ छैन ।

(घ) सम्बन्धित व्यक्तिले मात्र भुक्तानी पाउने गरी भरपर्दो प्रणाली निर्माण गरिएको र अनुगमन गर्ने गरिएको छ/ छैन ।

(ङ) भुक्तानीमा नियमानुसार कर कट्टा गरेको छ/ छैन ।

**२.२.93. खर्च संकेत नं. २७३१२ (उपदान)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) सेवा निवृत्त पदाधिकारी वा कर्मचारीलाई प्रदान गरिने उपदान सुबिधाको रकम भुक्तानी दिएकोमा राष्ट्रिय किताब खाना वा कानूनले तोकेका यस्तै अन्य निकायहरुको पत्र संलग्न छ/ छैन।

(ख) निजामती कर्मचारीहरुको हकमा निजामती सेवा ऐन २०४९ को दफा ३६ बमोजिम उपदान रकम किटान गरेको अंक ठीक छ/ छैन । पत्रमा उल्लेखित नोकरी अवधि र तलव स्केल ठिक छ/ छैन ।

(ग) उपदानको रकम हकवालाले भुक्तानी पाएको रहेछ भने त्यस्तो हकवालाको नाता प्रमाणित पत्र वा प्रमाण छ/ छैन ।

(घ) कर कट्टा गरेको छ/ छैन ।

**२.२.94. खर्च संकेत नं. २७३१३ (सेवा निवृत्तको सञ्चित विदा)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) सेवा निवृत्त पदाधिकारी वा कर्मचारीलाई प्रदान गरिने सञ्चित विदाको रकम भुक्तानी दिएकोमा विदा अभिलेखालयको पत्र संलग्न छ/ छैन ।

(ख) सञ्चित विदाको अभिलेखमा उल्लेखित दिन हाजिरी रेकर्ड तथा अन्य स्थायी अभिलेखसँग भिडान हुन्छ/ हुँदैन ।

(ग) बिदाको रकम किटान अंक र रकम बुझेको भरपाई ठीक छ/ छैन ।

(घ) २०५८ चैत्र १८ पछिको बिदाको रकममा कर कट्टा गरेको छ/ छैन ।

**२.२.95. खर्च संकेत नं. २७३१४ (सेवा निवृत्तको औषधी उपचार)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) राष्ट्रिय किताब खाना वा कानूनले तोकेका यस्तै अन्य निकायहरुको पत्र संलग्न छ/ छैन ।

सो पत्रमा उल्लेखित व्यहोरा निजको व्यक्तिगत फाईल र कार्यालयको अभिलेखसँग मिल्छ/ मिल्दैन।

(ख) पेश्की वा अग्रिम बुझिलिएको औषधि उपचार रकम कट्टा गरिएको छ/ छैन ।

(ग) औषधि उपचार रकम किटान गरेको अंक र रकम बुझेको भरपाई छ/ छैन ।

(घ) नियमानुसार लाग्ने कर कट्टा गरेको छ/ छैन ।

**२.२.96. खर्च संकेत नं. २७३१५ (मृतक कर्मचारीको सुविधा तथा सहायता)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) राष्ट्रिय किताब खाना वा कानूनले तोकेका यस्तै अन्य निकायहरुको पत्र संलग्न छ/ छैन ।।

(ख) रकम किटान गरेको अंक रकम इच्छ्याएको व्यक्ति वा नजिकको हकदारले बुझेको भरपाई छ/ छैन।

(ग) कर कट्टा गरेको छ/ छैन ।

**२.२.97. खर्च संकेत नं. २८१४१ (जग्गाको भाडा)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) सरकारी प्रयोजनका लागि जग्गा भाडामा लिंदा वा बालीनालीको क्षतिपूर्ति बापतको खर्च लेख्दा अधिकार प्राप्त अधिकारीको निर्णय वा पत्र संलग्न छ/ छैन ।

(ख) कति जग्गाको लागि के कति भाडा रकम किटान गरेको छ सो किटान गरेको अंक ठीक छ/ छैन ।

(ग) भाडा रकम भुक्तानी गर्दा अग्रिम आयकर लगायत कट्टा गर्नुपर्ने रकम कट्टा गरेको छ/ छैन ।

(घ) भाडा बापत पेश्की दिएको रहेछ भने समयमै फछ्र्यौट गरेको छ/ छैन ।

**२.२.98. खर्च संकेत नं. २८१४२ (घर भाडा)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) सरकारी कामको लागि घर, जग्गा, गोदाम भाडा वा बहालमा लिई भुक्तानी दिइएकोमा सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ बमोजिमको भाडा निर्धारण समितिको निर्णय छ/ छैन । भाडाको सम्झौता छ/ छैन ।

(ख) सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ बमोजिमको भाडा निर्धारण समिति वा अधिकारप्राप्त अधिकारीबाट भाडामा लिने निर्णय भई भाडाको सम्झौता गर्दा प्रदेशसरकारलाई तत्काल वा भविष्यमा कुनै थप आर्थिक दायित्वपर्ने वा हानि–नोक्सानी वा सरकारी सम्पत्ति हिनामिना हुन सक्ने कुनै शर्त राखी सम्झौता गरिएको छ/ छैन ।

(ग) वहालमा लिइएको घर जग्गाको भाडा वृद्धि गर्दा सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को दफा २६(८) बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृती लिएको छ/ छैन ।

(घ) कार्यालय प्रयोजनको लागि बाहेक व्यक्तिगत प्रयोजनको लागि लिएको घरको भाडा भुक्तानी गर्ने गरेको छ/ छैन ( आवश्यकता परे स्थलगत परीक्षण गर्ने )

(ङ) घर, जग्गा, गोदामको भाडा भुक्तानी गर्दा कानूनले तोके बमोजिम कट्टी गर्नुपर्ने कर कट्टी गरी सम्बन्धित कोषमा दाखिला गरिएको छ/ छैन ।

(च) नियमानुसार सूचना प्रकाशन गरी प्रतिस्पर्धा गराईएको छ/छैन ।

(छ) घरभाडाको लागत अनुमान तयार गर्दा प्राविधिक मूल्यांकन गरिएको छ/छैन ।

**२.२.99. खर्च संकेत नं. २8१43 (सवारी साधन तथा मेशिनरी औजार भाडा)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) सरकारी प्रयोजनको लागि सवारी साधन, मेशिनरी औजार लगायत अन्य पुँजीगत सम्पत्ति भाडामा लिने निर्णय छ/ छैन । भाडाको सम्झौता छ/ छैन ।

(ख) सार्वजनिक निर्माण कार्यको लागि लिइएको भाडाको रकम सम्बन्धित पुँजीगत शिर्षकमा समावेश गर्नुपर्नेमा यहि शिर्षकबाट भुक्तानी दिएको छ/ छैन ।

(ग) कार्यालय प्रयोजनको लागि बाहेक व्यक्तिगत प्रयोजनको लागि लिएको सवारी साधन, मेशिनरी औजार लगायत अन्य पूजीगत सम्पत्तिको भाडा भुक्तानी गर्ने गरेको छ/ छैन ( आवश्यकता परे अनुगमन निरीक्षण गर्ने )

(घ) भाडा भुक्तानी गर्दा कानूनले तोके बमोजिम कट्टी गर्नुपर्ने कर कट्टी गरी सम्बन्धित कोषमा दाखिला गरिएको छ/ छैन ।

**२.२.100. खर्च संकेत नं. २८१४९ (अन्य भाडा)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) सरकारी कामको लागि खर्च संकेत नं. 28141, 28142, 28143 वाहेक अन्य प्रयोजनमा तिर्नु पर्ने भाडाको लागि अधिकार प्राप्त अधिकारीबाट त्यस्तो निर्णय वा स्वीकृति प्राप्त भएको छ/ छैन । यस्तो भाडाको भाडा सम्झौता छ/ छैन ।

(ख) अधिकारप्राप्त अधिकारीबाट भाडामा लिने निर्णय भई भाडाको सम्झौता गर्दा प्रदेश सरकारलाई तत्काल वा भविष्यमा कुनै थप आर्थिक दायित्व पर्ने वा हानि–नोक्सानी वा सरकारी सम्पत्ति हिनामिना हुन सक्ने कुनै शर्त राखी सम्झौता गरिएको छ / छैन ।

(ग) भाडा वृद्धि गर्दा विभागिय प्रमुखको सहमति लिएको र प्रदेश लेखा नियन्त्रक कार्यालयबाट निर्णय छ/ छैन

(घ) भाडा भुक्तानी गर्दा कानूनले तोके बमोजिम कट्टी गर्नुपर्ने कर कट्टी गरी सम्बन्धित राजस्व खातामा दाखिला गरिएको छ/ छैन ।

**२.२.101. खर्च संकेत न. २८२११ (राजस्व फिर्ता)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) प्रदेश सरकारले फिर्ता गर्नुपर्ने रकम फिर्ता खर्च लेख्दा निर्णय वा पत्र संलग्न छ/ छैन ।

(ख) पहिले जम्मा गरेको प्रमाण संलग्न छ/ छैन । सो रकमसँग फिर्ता गरिएको रकम भिड्छ/ भिड्दैन ।उक्त जम्मा भएको राजस्व रकमबाट सेवा नलिएको प्रमाणित गर्ने कागजात संलग्न छ/ छैन ।

(ग) फिर्ता गर्नुपर्ने रकम किटान गरेको अंक, फिर्ता गर्दा कट्टा गर्नुपर्ने रकम भए सो कट्टा गरेको ठीक छ/ छैन ।

(घ) फिर्ता रकम सम्बन्धित व्यक्तिलाई बुझाएको छ/ छैन ।

**२.२.102. खर्च संकेत न. २८२१२ (न्यायिक फिर्ता)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) न्यायिक फिर्ता गर्नुपर्ने रकम फिर्ता गर्ने निर्णय वा पत्र संलग्न छ/ छैन ।

(ख) फिर्ता गर्नुपर्ने रकम किटान गरेको अंक, फिर्ता गर्दा कट्टा गर्नुपर्ने रकम भए सो कट्टा गरेको छ/ छैन ।

(ग) फिर्ता रकम सम्बन्धित व्यक्तिलाई बुझाएको छ/ छैन ।

**२.२.103. खर्च संकेत न. २८२१9 (अन्य फिर्ता)**

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) फिर्ता गर्नुपर्ने रकम फिर्ता गर्ने निर्णय वा पत्र संलग्न छ/ छैन ।

(ख) फिर्ता गर्नुपर्ने रकम किटान गरेको अंक, फिर्ता गर्दा कट्टा गर्नुपर्ने रकम भए सो कट्टा गरेको ठीक छ/ छैन ।

(ग) फिर्ता रकम सम्बन्धित व्यक्तिलाई बुझाएको छ/ छैन ।

### २.२.104.  खर्च संकेत नं. २८९११ (भैपरी आउने चालु खर्च)

यसमा देहायका पक्षहरु हेर्नुपर्दछः

(क) यस शिर्षकमा सोझै खर्च लेख्न मिल्दैन ।

(ख) यसमा विनियोजित रकम अन्य सम्बन्धित खर्च शिर्षकहरुमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्विकृत गरे बमोजिम बाँडफाँड गरी सोही रकम नम्बर अन्तर्गत समावेश गरी निकासा एवं खर्च गरिएको छ/ छैन ।

(ग) खर्च गर्ने अख्तियारीपत्र र स्वीकृत कार्यक्रम छ/ छैन ।